annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ११२, पृष्ठ ८ | काठमाडौं, बिहीबार ४ भदौ २०८३ | श्रावण शुक्लपक्ष अष्टमी नेपाल संवत् ११४६ | THURSDAY, AUGUST 20, 2026 | मूल्य : रु. १०

## स्थानीय तहको सुरसारमा रास्वपा



सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्रथम राष्ट्रिय महाधिवेशनबाट दलविहीन स्थानीय तहको प्रस्ताव पारित गर्‍यो। तर, अहिले क्यान्डिडेट क्लबमार्फत स्थानीय तहमा उम्मेदवार खोज्दै छ। गैरदलीय स्थानीय तह बनाउन व्यावहारिक रूपमा असम्भव भएको महसुस गर्दै दलीय प्रतिस्पर्धा गर्दै छ।

**दिनेश गौतम** | *काठमाडौं*

विस्तृत पृष्ठ २

## मलमा पुगेन सरकारको बल

### बरु सरकार उल्टै भन्छ- किसानले असन्तुलित रूपमा मल प्रयोग गरिदिएकाले अभाव भयो



**प्रधानमन्त्री वालेन्द्र शाहसँग बुधबार कार्यसम्पादन सम्झौता आदानप्रदान गर्दै कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरी।**

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

मलको माग अत्यधिक बढेको छ। धानको यो सिजनमा रासायनिक मलको अत्यधिक अभाव भइरहेको छ। अत्यधिक रूपमा रासायनिक मल उपभोग गर्ने समयमा अभाव कायमै रहेपछि किसान मलका लागि भौंतारिरहेका छन्। सरकारले भने इतिहासमै सबैभन्दा बढी मल आपूर्ति भएको दाबी गर्दै आएको छ। संसद्देखि हरेक क्षेत्रमा मलको अभावको विषय प्राथमिकतामा छ। अनुदानमा सस्तो पाएका कारण किसानले असन्तुलित रूपमा मल प्रयोग गरिदिएकाले पनि अभाव सिर्जना भएको सरकारको तर्क छ। सन्तुलित वा सिफारिस गरिएको मात्राभन्दा बढी प्रयोग गर्ने भएकाले समस्या आएको कृषि, वन तथा पर्यावरण मन्त्रालयको भनाइ छ।

कृषिमन्त्री गीता चौधरीले मल आपूर्तिमा ढिलाइ भएको स्वीकार गरेकी छन्। रास्वपा संसदीय दलको बैठकबाट बाहिरिने क्रममा रासायनिक मलको वितरण प्रणालीलाई प्रभावकारी बनाएर लैजाने बताएकी छन्। उनले जीटूजी गरेर भारतबाट मल ल्याउने क्रममै रहेको जानकारी दिएकी छन्। मन्त्री चौधरीका अनुसार साउन १ देखि अहिलेसम्म ६२ हजार मेट्रिकटन ल्याइएको छ भने ६४ हजार मेट्रिकटन बाटोमा छ। 'यो आर्थिक वर्षका लागि २ लाख ८८ हजार मेट्रिकटन ल्याउँदैछौं,' उनले भनिन्।

मन्त्री चौधरीले अन्तर्राष्ट्रिय बजारबाट ल्याउनुपर्ने भएकाले विभिन्न कारणले ढुवानीमा ढिलाइ भएको बताइन्। मल वितरण प्रक्रियालाई सहज बनाएर जाने उनको दाबी छ।

**५ लाख ६१ हजार आपूर्ति, ५ लाख ३८ हजार टन बिक्री**

यो वर्ष ५ लाख ६१ हजार टन आपूर्ति भएको छ। ५ लाख ३८ हजार टन बिक्री भइसकेको छ, जुन अघिल्ला वर्षहरूको (बढीमा ५ लाख टन) तुलनामा निकै धेरै हो। गत वर्ष त ३ लाख ३६ हजार टनमात्रै बिक्री भएको थियो। कृषि मन्त्रालयका सहसचिव डा. रामकृष्ण श्रेष्ठले यो वर्ष अहिलेसम्मकै सबैभन्दा धेरै परिमाणमा मल आपूर्ति र बिक्री वितरण गरिएको जानकारी दिए। 'चार वर्षअघि कोभिडको ठीक पछाडि यो समयमा (असारमा) हामीसँग एक गेडा पनि मल थिएन। सरकारले 'हामी यसपालि मल उपलब्ध गराउन सकेनौं, क्षमा गर्नुहोला' भनेर भन्नु परेको अवस्था थियो। तर यो वर्ष त्यत्रो धेरै मल ल्याउँदा पनि यो समस्या छ,' उनले भने।

हर्मुजको घटना र भारततर्फ पनि अभाव भएकाले अनौपचारिक रूपमा आउने मल ठप्प हुँदा यता दबाब बढेको मन्त्रालयले जनाएको छ। उनका अनुसार गोठेमल तथा कम्पोस्ट मल प्रयोग नगर्ने र अस्वाभाविक रूपमा रासायनिक मलमा मात्रै निर्भरता हुँदा माग उच्च भएको हो। हाइब्रिड मकै, हाइब्रिड धान, आलु, उखु र केराजस्ता वर्षैभरि हुने खेतीका कारण मलको खपत धेरै बढेको छ। सहसचिव डा.श्रेष्ठका अनुसार असारमा डीएपी मलको आपूर्तिमा

> 'साउन १ देखि अहिलेसम्म ६२ हजार मेट्रिकटन ल्याइएको छ भने ६४ हजार मेट्रिकटन बाटोमा छ। यो आर्थिक वर्षका लागि २ लाख ८८ हजार मेट्रिकटन ल्याउँदैछौं'
>
> **गीता चौधरी,**
> कृषि, वन तथा पर्यावरणमन्त्री

केही कमी आएकै हो। उनले भने, 'हर्मुजको घटनाले प्रभावित भएपछि हामीले सम्झौता गरेको मल पनि केही समय आउन सकेन, जसको कारणले डीएपीमा अलिकति समस्या असारमा परेको हो।'

श्रेष्ठका अनुसार हर्मुज खुलेपछि साउनदेखि २ लाख ४० हजार टन युरिया र डीएपी मल भित्रिने क्रममा छ। सात वटा जहाजमध्ये कोलकाता आइसकेका छन्। कोलकाता पोर्ट सानो भएको र वर्षाका कारण अनलोडिङ, बोराबन्दी र रेलमा लोड गर्ने काममा ढिलाइ हुँदा नेपालसम्म सबै मल आइसक्न साढे दुईदेखि तीन महिना लाग्ने उनले जानकारी दिए। हालसम्म २ लाख ४० हजार टनमध्ये ६५ हजार टन नेपाल भित्रिएर बिक्री-वितरण भइरहेको छ। यो मलले गहुँ सिजनका साथै पुस-माघसम्मलाई धान्ने अनुमान छ। वितरणको तहमा भने पालिका र सहकारी स्तरमा केही बदमासी र समस्या देखिएका छन्।

» बाँकी पृष्ठ ६

## बालिका हत्यामा इजरायली सेनाद्वारा गल्ती स्वीकार

**जेरुसेलम** (बीबीसी) : इजरायली सेनाले गाजाकी पाँच वर्षीया बालिका हिन्द रजबको हत्याको सम्बन्धमा आपराधिक अनुसन्धानको आदेश दिएको छ। उनी र स्वास्थ्यकर्मीबीच भएको कारुणिक कुराकानीको अडियो रेकर्डिङ विश्वभर प्रसार भएपछि उनको मृत्युको अन्तर्राष्ट्रिय स्तरमा तीव्र भर्त्सना भएको थियो।

जनवरी २०२४ मा गाजा सहरमा इजरायली गोलीबारीको चपेटामा परेको सवारीसाधनमा सवार परिवारका सात सदस्यमध्ये यी प्यालेस्टिनी बालिका पनि एक थिइन्। परिवारका अन्य सदस्यहरूको ज्यान लिएको उक्त आक्रमणबाट उनी सुरुमा जीवितै बचेकी थिइन्, तर मद्दतका लागि एम्बुलेन्समा आएका दुई प्यारामेडिक र आफ्ना आफन्तहरूसँगै केही दिनपछि उनको शव फेला परेको थियो।

इजरायल डिफेन्स फोर्सेस (आईडीएफ)ले एक वक्तव्य जारी गर्दै 'प्राप्त तथ्यहरूको समीक्षा'पछि र 'प्यालेस्टाइन रेड क्रिसेंटको एम्बुलेन्स आवागमनको समन्वयमा त्रुटि भएको आरोपका कारण, सैन्य प्रहरी आपराधिक अनुसन्धान विभागद्वारा घटनाको आपराधिक अनुसन्धान सुरु गर्ने निर्णय गरिएको' जनाएको छ। हिन्द र उनको परिवार सवार गाडीमा आक्रमण गरेको कुरा आईडीएफले स्वीकार



गरेको यो पहिलो पटक हो। यसअघि प्रारम्भिक अनुसन्धानलाई उद्धृत गर्दै आईडीएफले घटनाको समयमा त्यस क्षेत्रमा कुनै पनि इजरायली सेना उपस्थित नरहेको दाबी गरेको थियो। गाजा युद्धका क्रममा बमबारीबाट बच्न भाग्ने क्रममा हिन्द रजब सवार कारमा इजरायली गोलीबारी भएको थियो।

आक्रमणमा परिवारका कैयौं सदस्य मारिएका थिए, तर हिन्दले प्यालेस्टिनी रेड क्रिसेंट सोसाइटीका उद्धारकर्ताहरूले गरेको कल उठाउन सफल भएकी थिइन्। उनीहरूबीच घण्टौंसम्म कुराकानी भएको थियो। थप गोलीबारीको आवाजसँगै फोन सम्पर्कविच्छेद भएपछि कसैले उद्धार गरिदेओस् भन्ने उनको याचना पनि सधैंका लागि बन्द भयो।

## पानीमा भिज्दै ६ दिनदेखि धर्नामा लघुवित्त पीडित

**किरण अधिकारी** | *काठमाडौं*

'बस्ने बास छैन, खाने भात छैन। बास सडकमा छ, खानाको पनि समय ठेगान छैन,' एक हप्तादेखि राष्ट्रिय मानव अधिकार आयोग परिसर अगाडि धर्नामा बसेका लघुवित्त पीडित रोहित सहनी गुनासो गर्छन्, 'आफैं किनेर खाऊँ पैसा छैन। भोक लाग्दा कसैले खाना देला कि भनेर कुर्नुपर्ने अवस्था छ। न आफ्नो घर छ, न सरकारले हाम्रा कुरा सुन्छ।'

गत साउन ११ गतेदेखि न्यायको खोजीमा सर्लाहीको हरिवनबाट यात्रा सुरु गरेका पर्साका रोहित सहनीसहित दुई सयभन्दा बढी पीडितहरू माइतीघर हुँदै अहिले ललितपुरको पुल्चोकस्थित मानव अधिकार आयोग अगाडि धर्ना दिइरहेका छन्। कोभिड-१९ पछि सुरु भएको लकडाउनका कारण व्यापारघाटा बढ्दै गएपछि ऋण तिर्न नसकेको र लघुवित्तले घरजग्गा नै लिलाम गरिदिएपछि आफूहरू सडकमा पुगेको उनले बताए।

महोत्तरीका रामछविलाल यादव पनि आयोगको गेटमै निराश अनुहार लगाएर बसिरहेका छन्। 'घर लिलाम भयो, कहाँ जाने? जहाँ गए पनि सडककै बास छ। आफूसँग भएका सबै सरसामान सकिए, खाने-बस्ने ठेगान छैन,' उनले दुःखेसो पोखे। दिनभरको तातो घाम र रातभरको वर्षाका कारण झनै सास्ती भएको उनले बताए। 'न टाउको लुकाउने ठाउँ छ,





न समयमा खाना नै। रातभर पानीमा छाताको भरमा बस्नुपर्छ, सुत्नसमेत पाइँदैन,' उनले भने।

संघर्ष समितिका सदस्यसमेत रहेका धनुषाका हरिदेव महतोका अनुसार, प्रधानमन्त्री कार्यालयको सचिवालयमा आफ्ना मागसहितको ज्ञापनपत्र बुझाइसकिएको छ। उनले लघुवित्तसँगै सरकारका तर्फबाट पनि आफूहरूले पीडा पाएको बताए। कोरोनाका बेला आफूहरूलाई घरभित्र थुनेर राखे पनि ऋणको ब्याज भने नरोकिएको उनको गुनासो छ। सरकारसँग पटक-पटक वार्ता भए पनि समस्याको स्थायी समाधान निस्कन सकेको छैन।

ललितपुरको पुल्चोकस्थित राष्ट्रिय मानव अधिकार आयोगको कार्यालय अगाडि बैंक, लघुवित्त, सहकारी, मिटरब्याज पीडित तथा भूमिहीन सुकुम्बासीहरू निरन्तर धर्नामा छन्। देशका विभिन्न भागबाट आएका महिला, बालबालिका तथा वृद्धवृद्धाहरू समयमा खाना र पानीसमेत नपाई सडकमा बस्न बाध्य छन्। सरकारले न्याय नदिएसम्म घर नफर्किने अडानका साथ उनीहरू धर्नामा बसेका हुन्।

**वार्तामार्फत समस्या समाधान गर्न आयोगको आग्रह**

राष्ट्रिय मानव अधिकार आयोगले धर्नामा बसेका नागरिकको स्वास्थ्य उपचार, खानपान, बसोबास र सुरक्षामा ध्यान दिँदै वार्ताको माध्यमबाट समस्या समाधान गर्न सरकारसँग अपिल गरेको छ।

आयोगले बुधबार विज्ञप्ति जारी गर्दै बैंक, लघुवित्त, सहकारी, मिटरब्याज र भूमिहीन सुकुम्बासीहरू विभिन्न माग राखी धर्नामा बसेको विषयलाई नजिकबाट नियालिरहेको जनाएको छ। समस्या समाधानका लागि सरकार र 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाऊ अभियान'का तर्फबाट वार्ता टोली गठन हुनुलाई आयोगले सकारात्मक रूपमा लिएको छ।

सडकपेटीमा लामो समय धर्ना बस्दा महिला, बालबालिका, अशक्त र ज्येष्ठ नागरिकको स्वास्थ्यमा प्रतिकूल असर पर्न सक्ने भन्दै उनीहरूलाई उचित स्थानमा स्थानान्तरण गर्न, स्वास्थ्य उपचार र शान्ति सुरक्षाको व्यवस्था मिलाउन आयोगले सरकारको ध्यानाकर्षण गराएको छ। साथै, दुवै पक्षलाई संवादमार्फत नै समस्याको समाधान खोज्न आयोगले आग्रह गरेको छ।

# स्थानीय तहमा ३५ हजार उम्मेदवार खोज्दै रास्वपा



**दिनेश गौतम** | *काठमाडौं*

सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले स्थानीय तहको निर्वाचन दलीय रूपमै लड्ने तयारीलाई अघि बढाएको छ। पार्टीको प्रथम राष्ट्रिय महाधिवेशनबाट गैरदलीय स्थानीय तह बनाउने प्रस्ताव पारित गरेको रास्वपाले व्यावहारिक रूपमा सम्भव नदेखिएपछि आफ्नो अडान फेरेको हो।

यसअघि पार्टीको चुनावी वाचापत्रमा समेत गैरदलीय स्थानीय सरकार सञ्चालन गर्ने उल्लेख गरिएको थियो। तर, सोही वाचापत्रविपरीत आगामी वैशाखमा हुने स्थानीय तहको निर्वाचनलाई लक्षित गर्दै रास्वपाले उम्मेदवार छनोट प्रक्रियासमेत अघि बढाइसकेको छ। यसबारेमा रास्वपाका शीर्ष नेताहरूलाई सम्पर्क गर्दा औपचारिक रूपमा बोल्न चाहेनन्। अनौपचारिक कुराकानीमा भने गैरदलीय स्थानीय सरकारको पार्टी नीति अव्यावहारिक भएको निष्कर्ष निकालिएको बताउँछन्।

राजनीतिशास्त्रका प्राध्यापक लोकराज बराल रास्वपाको शीर्ष नेतृत्वमा राजनीतिक चिन्तनको अभाव रहेको औंल्याउँछन्। 'रास्वपाले स्थानीय तहमा चुक्दा आफ्नो राजनीतिक अस्तित्व नै संकटमा पर्न सक्ने महसुस गरेपछि अहिले त्यसको तयारीमा गम्भीर बनेको देखिन्छ।', प्राध्यापक बराल भन्छन्, 'बहुदलीय व्यवस्था भएको र गाउँगाउँसम्म राजनीतिक दलको बलियो उपस्थिति रहेको अवस्थामा गैरदलीय स्थानीय तहको परिकल्पना गर्नु अव्यावहारिक थियो भन्ने यथार्थलाई रास्वपाले अहिले बल्ल महसुस गरेको छ।'

### क्यान्डिडेट क्लबमार्फत आवेदन दिँदै आकांक्षी

रास्वपाका सभापति रवि लामिछानेले घोषणा गरेको क्यान्डिडेट क्लबमार्फत स्थानीय वडातहदेखि पालिकासम्मको नेतृत्वका आकांक्षीहरूले आ-आफ्नो आवेदन दिन थालेका छन्।

भदौ १ गते पार्टी सभापति लामिछानेले 'क्यान्डिडेट क्लब' घोषणा गरेसँगै स्थानीय तह निर्वाचनका लागि आकांक्षीहरू खोज्ने क्रमलाई अघि बढाएको छ। २०७९ वैशाख ३० मा भएको स्थानीय तह निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिको पाँचवर्षे कार्यकाल आगामी वैशाखमा पूरा हुँदैछ। नियमित स्थानीय तह निर्वाचन आगामी वैशाखमा हुने भएकाले रास्वपाले उम्मेदवार छनोट कार्यलाई अघि बढाएको छ। गत वैशाख ७ गते बसेको पार्टीको केन्द्रीय समितिले उम्मेदवार छनोटलाई व्यवस्थित बनाउन स्थानीय निर्वाचन उम्मेदवार छनोट तथा क्यान्डिडेट क्लब सम्पादन समिति गठन गरेको थियो।

अहिलेसम्म सरकारले स्थानीय तह निर्वाचनको औपचारिक मिति घोषणा गरेको छैन। तर, रास्वपाले उम्मेदवार छनोट प्रणाली निर्माणको काम वैशाखदेखि नै सुरु गरेको थियो। वैशाख २० गते उम्मेदवार छनोट गर्ने विधिलाई वैशाखमै पारित गरेको थियो। रास्वपाले स्थानीय तह निर्वाचनका लागि ७ सय ५३ पालिका र ६ हजार ७ सय ४३ वडाका ३५ हजार २ सय २१ पदमा उम्मेदवार खोज्ने कार्य अघि बढाएको हो। स्थानीय तहमा ६ महानगरपालिका, ११ उपमहानगरपालिका, २ सय ७६ नगरपालिका र ४ सय ६० गाउँपालिका छन्।

उम्मेदवारका आकांक्षीहरूले 'क्यान्डिडेट क्लब' मा आवेदन दिनुपर्ने व्यवस्था छ। वडाध्यक्ष र सदस्य पदका आकांक्षीहरूले वडा क्यान्डिडेट क्लबमा आवेदन दिनुपर्नेछ। त्यस्तै पालिका क्यान्डिडेट क्लबमा पालिकाका प्रमुख/मेयर, उपप्रमुख/उपमेयर, अध्यक्ष र उपाध्यक्षका आकांक्षीहरूले आवेदन दिनुपर्नेछ। संविधान, स्थानीय तह निर्वाचन ऐन, पार्टी विधानबमोजिमका योग्यता भएका व्यक्तिहरूले मात्र आवेदन दिनुपर्ने व्यवस्था छ। पार्टी सदस्यता प्राप्त गरेको ४५ दिन पूरा भएको हुनु पर्नेछ।

अन्य दल त्याग गरेका व्यक्तिको हकमा भने पार्टी सदस्यता प्राप्त गरेको कम्तीमा ९० दिन पूरा भएको हुनुपर्ने व्यवस्था छ। बागमती प्रदेश सभापति उत्सव अर्यालका अनुसार अन्य दल त्याग गरी पार्टी सदस्यता लिएर उम्मेदवारी दिन चाहनेहरू पनि ह्वात्तै बढेका छन्।

रास्वपाले विशेष परिस्थितिमा ल्याटरल इन्ट्रीसम्बन्धी व्यवस्था गरेको छ। विशेष परिस्थितिमा समाजका प्रतिष्ठित, विज्ञ, सार्वजनिक रूपमा स्वच्छ छवि भएका वा पार्टीलाई आवश्यक पर्ने विशेष क्षमता भएका व्यक्तिहरूलाई कुलिङ पिरियडको अवधि पूरा नभए पनि ल्याटरल इन्ट्रीमार्फत क्यान्डिडेट क्लबमा आवेदन दिन अनुमति दिन सकिने रास्वपाले जनाएको छ। यसका लागि पद र तहअनुसार औपचारिक लिखित सहमति अनिवार्य गरिएको छ। वडाध्यक्ष र वडासदस्य पदका लागि वडा क्यान्डिडेट क्लबमा आवेदन दिन सम्बन्धित पालिका समिति र जिल्ला समितिको औपचारिक लिखित सहमति चाहिनेछ। गाउँपालिकाका अध्यक्ष/उपाध्यक्ष र नगरपालिकाका मेयर/उपमेयर पदका लागि आवेदन दिन पार्टीको जिल्ला र प्रदेश समितिको लिखित सहमति अनिवार्य गरिएको छ। उपमहानगर र महानगरपालिकाको प्रमुख/उपप्रमुख पदका लागि केन्द्रीय समितिको औपचारिक लिखित सहमति अनिवार्य गरिएको छ।

रास्वपाका कोशी प्रदेश उपसभापति होमराज (राजन) दाहालका अनुसार पालिका तहमा आकांक्षीहरूले आवेदन दिन थालेका छन्। क्यान्डिडेट क्लबमा आवेदन दर्ता भएपछि प्रारम्भिक चरणमा आकांक्षीहरूको व्यक्तिगत पृष्ठभूमि, विज्ञता र आधारभूत योग्यताको तथ्यांक संकलन र परीक्षण गरिने प्रदेश उपसभापति दाहालले बताए।

उम्मेदवार बन्न चाहने व्यक्तिको कानुनी, आर्थिक, सामाजिक तथा पारिवारिक झमेला भए/नभएको परीक्षण गरिनेछ। 'आवेदन लिने प्रक्रिया सुरु भइसकेको छ। पार्टीको विधि विधान र नियमभित्र बसेर उम्मेदवार छनोट गर्ने हो,' दाहालले भने, 'भुस निफनेर सङ्लो चामल निकालेझैं स्वच्छ छविको योग्य उम्मेदवार छनोट गर्न लागिपरेका छौं।'

### कस्ता व्यक्ति हुनेछन् सुरुमै अयोग्य ?

रास्वपाले व्यक्तिगत, सामाजिक, राजनीतिक रूपमा समेत स्पष्टता खोजेको छ। वैवाहिक अवस्थाको कानुनी स्पष्टतालाई अनिवार्य बनाएको छ। आफ्नो पारिवारिक र वैवाहिक अवस्था कानुनी रूपमा पूर्णत: स्पष्ट रहेको हुनुपर्नेछ। यससम्बन्धी कुनै पनि प्रकारको लुकाइएको वा विवादित अवस्था नरहेको स्वघोषणा गर्नुपर्नेछ।

दुर्व्यवहार तथा डिजिटल अपराधमा संलग्न रहेको पाइएमा अयोग्य मानिनेछ। कानुनी रूपमा प्रमाणित नभएको अवस्थामा पनि कुनै प्रकारको घरेलु हिंसा, यौनजन्य दुर्व्यवहार वा सार्वजनिक स्थलमा अमर्यादित व्यवहारमा संलग्न रहेको पाइएमा अयोग्य घोषणा गरिनेछ। साथै, सामाजिक सञ्जालको दुरुपयोग गरी साइबर बुलिङ, चरित्रहत्या, अनलाइन ठगी वा अन्य कुनै प्रकारको डिजिटल दुर्व्यवहारमा आफ्नो संलग्नता नरहेको स्पष्ट स्वघोषणा नगर्ने व्यक्ति अयोग्य मानिनेछ।

**वित्तीय तथा आर्थिक शुद्धता:** समाजमा मिटरब्याज, सट्टेबाजी, हप्ताअसुली, ढुकुटी, हुन्डी वा संस्थाको बचत अपचलनजस्ता कुनै पनि प्रकारका अनौपचारिक तथा अवैध आर्थिक कारोबारमा प्रत्यक्ष वा परोक्ष रूपमा संलग्न नरहेको स्वघोषणा गर्नुपर्नेछ।

**स्वार्थ बाझिने अवस्था:** आफूले उम्मेदवारी दिन चाहेको पालिका वा वडाअन्तर्गत सञ्चालित कुनै पनि विकास निर्माण, ठेक्कापट्टा, खरिद प्रक्रिया, उपभोक्ता समिति वा सार्वजनिक आपूर्तिमा आफ्नो वा एकाघरको परिवारको स्वामित्वमा रहेको व्यावसायिक फर्मको प्रत्यक्ष संलग्नता अर्थात् स्वार्थ बाझिने अवस्था विद्यमान भए वा नभएको यथार्थ विवरण खुलाएको स्वघोषणा पनि अनिवार्य गरिएको छ।

**विचाराधीन मुद्दा तथा कानुनी विवादको स्पष्टता:** अदालत, अख्तियार दुरुपयोग अनुसन्धान आयोग वा अन्य कुनै पनि न्यायिक र अर्धन्यायिक निकायमा आफ्नो विरुद्ध कुनै पनि प्रकारको फौजदारी, भ्रष्टाचार, गम्भीर प्रकृतिको देवानी मुद्दा विचाराधीन अवस्थामा रहे, नरहेको स्पष्ट विवरण खुलाएको नपाइएमा अयोग्य हुनेछ।

रास्वपाले नेपालको संविधान, स्थानीय तह निर्वाचन ऐन, पार्टीको विधान र स्थानीय उम्मेदवार छनोटका विश्वव्यापी मान्यतालाई आधार बनाई कडाइ गरेको छ।

नेपाल सरकार, प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा सरकारबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको र कुनै स्थानीय तह वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा स्थानीय तहबाट अनुदान प्राप्त संस्थामा पारि श्रमिक पाउने गरी बहाल रहेको व्यक्तिलाई अयोग्य भनिएको छ।

निर्वाचनसम्बन्धी प्रचलित कानुनबमोजिम सजाय पाई त्यस्तो सजाय भोगेको मितिले दुई वर्ष पूरा नभएकोलाई अयोग्य भनिएको छ। त्यस्तै भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागूऔषध बिक्रीवितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरणसम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय पाई वा कुनै कसुरमा जन्मकैद वा बीस वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएको व्यक्ति अयोग्य हुनेछ।

संगठित अपराधसम्बन्धी कसुरमा कैदको सजाय पाई वा कर्तव्य ज्यानसम्बन्धी कसुरमा २० वर्षभन्दा कम कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले ६ वर्ष पूरा नभएको व्यक्ति पनि अयोग्य हुनेछ। जातीय भेदभाव तथा छुवाछूत, बोक्सी वा बहुविवाहसम्बन्धी कसुरमा कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले तीन वर्ष पूरा नभएको व्यक्ति पनि अयोग्य हुनेछ। प्रचलित कानुनबमोजिम कालोसूचीमा रहेकोमा सो अवधिभर अयोग्य हुने उल्लेख छ।

### गुटबन्दी, चरित्रहत्या गर्नेको उम्मेदवारी खारेज

गुटबन्दी, दुष्प्रचार र चरित्र हत्यालाई गम्भीर अनुशासनहीनता मानिने भएको छ। उम्मेदवारीको पक्षमा माहोल बनाउन पार्टीको आधिकारिक संयन्त्रबाहिर गुटगत भेला गर्ने, समानान्तर संरचना खडा गर्ने, दबाब समूह निर्माण गर्ने, पार्टीका आधिकारिक निर्णय प्रक्रियालाई अवरुद्ध गर्न खोज्ने कार्यलाई अनुशासनहीनताको संज्ञा दिइएको छ। अन्य आकांक्षी, पार्टी संरचना वा मूल्यांकन संयन्त्रविरुद्ध सामाजिक सञ्जाल तथा सञ्चारमाध्यममा भ्रामक सूचना, मिथ्या आरोप, दुष्प्रचार वा चरित्र हत्या गर्ने कार्यलाई अनुशासनको गम्भीर उल्लंघन मानिने जनाइएको छ।

राजनीतिक प्रतिस्पर्धा स्वस्थ, मर्यादित र विचारकेन्द्रित हुनुपर्नेमा जोड दिइएको छ। व्यक्तिगत, गुटगत र विधिविरोधी अभ्यासलाई पार्टीभित्र कुनै स्थान नदिइने र यस्तो कार्यमा संलग्न आकांक्षीको उम्मेदवारी प्रक्रिया तत्काल खारेज गरी अनुशासनको कारबाही अघि बढाइने रास्वपाले जनाएको छ।

## चार मापदण्ड पूरा गरेपछि बल्ल योग्य

आकांक्षीहरूको परीक्षण तथा छनोटका लागि चारवटा मापदण्ड बनाइएको छ। पहिलो लिडरसिप एकेडेमी, दोस्रो पोलिटिकल प्रोक्सिमिटी, तेस्रो समावेशिता र चौथो प्रारम्भिक निर्वाचनलाई दिइएको छ। उम्मेदवार छनोटको सबैभन्दा ठूलो अंकभार प्रारम्भिक निर्वाचनलाई दिइएको छ। छनोटका क्रममा पहुँच, प्रभाव, नातावाद, कृपावाद, गुटगत दबाब, आर्थिक हैसियत र नेतृत्व निकटतामा आधारित प्रवृत्तिलाई निरुत्साहित गर्न पार्टी सदस्यहरूले उम्मेदवार छनोट गर्ने रास्वपाले जनाएको छ। पार्टी सदस्यले मतदान गरेर आफ्नै उम्मेदवार छनोट गर्ने यो प्रक्रिया अर्थात् 'प्राइमरी इलेक्सन'लाई ४० प्रतिशत भारांक दिइएको छ।

त्यस्तै छनोटको पहिलो आधार अर्थात् लिडरसिप एकेडेमीलाई दिइएको छ। लिडरसिप एकेडेमीले नेतृत्व परीक्षण तथा वैचारिक स्पष्टतामा परख गर्नेछ। उम्मेदवार छनोटलाई केवल प्राविधिक प्रक्रियामा मात्र सीमित नराखी वैचारिक र व्यावहारिक रूपमा सक्षम नेतृत्व निर्माणको आधार बनाउन समग्र मूल्यांकन प्रणालीमा लिडरसिप एकेडेमीको नतिजालाई २५ प्रतिशत भारांक प्रदान गरिनेछ।

क्यान्डिडेट क्लबमार्फत जोडिएका आकांक्षीहरूका लागि यो पहिलो र निर्णायक परीक्षण हुनेछ। एकेडेमीको परीक्षणमा तोकिएको न्यूनतम मापदण्ड पार गरी उत्तीर्ण हुने आकांक्षीहरूले मात्र उम्मेदवार छनोटको आगामी चरण अर्थात् अन्य मापदण्डहरूमा प्रवेश पाउनेछन्। अनुत्तीर्ण हुनेहरू उम्मेदवार छनोटको बाँकी प्रक्रियाबाट स्वत: बाहिरिनेछन्।

उम्मेदवारको प्राज्ञिक क्षमता, नीतिगत स्पष्टता र वैचारिक बुझाइको विशुद्ध वस्तुगत मूल्यांकन गर्न पार्टीको केन्द्रीय लिडरसिप एकेडेमी वा उसले तोकेको स्वतन्त्र विज्ञ समूहले अंक प्रदान गर्नेछ। 'केही आकांक्षीहरू स्क्रिनिङ हुँदा क्यान्डिडेट क्लबबाटै पनि बाहिरिन सक्ने सम्भावना छ,' बागमती प्रदेश सभापति अर्याल भन्छन्, 'अधिकांश आकांक्षीहरू लिडरसिप एकेडेमीसम्म पुग्नेछन्। त्यहाँ आफ्नो योग्यता, क्षमता प्रस्तुत गर्नुपर्ने हुन्छ।' राजनीतिक संस्कार, नीतिगत स्पष्टता, जनसेवा र स्थानीय सुशासनका विविध आयामहरूमा आकांक्षीहरूलाई पूर्वनिर्धारित मोड्युलमार्फत अनिवार्य रूपमा प्रशिक्षित गरिनेछ।

दोस्रो आधार पोलिटिकल प्रोक्सिमिटी (राजनीतिक निकटता) रहेको छ। यसको मापनका लागि उम्मेदवार मूल्यांकन समिति (क्यान्डिडेट इभ्यालुएसन कमिटी) गठन गरिनेछ। उम्मेदवार जुन तहको हो, मूल्यांकन समितिको नेतृत्व त्योभन्दा एक तह माथिको संरचनाले गर्नेछ। यसलाई २५ प्रतिशत अंक दिइएको छ। पार्टीसँगको निरन्तर र ऐतिहासिक आबद्धता, वडा एवं पालिका तहमा पार्टीको संगठन विस्तार तथा सदस्यता वृद्धिमा पुऱ्याएको ठोस योगदान र विगतको राजनीतिक भूमिका र निर्वाचनमा सहभागितालाई आधारका रूपमा लिइएको छ।

पार्टीको कुनै पनि तहको समिति वा तोकिएको पदमा रहेर काम गरेको बहुआयामिक अनुभव, उक्त जिम्मेवारी सफलतापूर्वक निर्वाह गरेको प्रमाणित अभिलेख र विगतका निर्वाचनहरूमा पार्टीका आधिकारिक उम्मेदवारलाई जिताउन खेलेको सक्रिय भूमिकालाई आधार बनाइएको छ। तोकिएको लेभीको नियमित भुक्तानी, पार्टीभित्रको आन्तरिक अनुशासन, पदीय मर्यादा, पार्टीको आचारसंहिताको पूर्ण पालना र विजयको सम्भाव्यताको वैज्ञानिक मापनको अंकसमेत जोडिनेछ।

पार्टीको परम्परागत मत अर्थात् कोर भोट सुरक्षित गर्दै स्विङ भोट र तटस्थ मतदाताको मत तान्न सक्ने उम्मेदवारको व्यक्तित्व र जनमतलाई आधार बनाइएको छ। निर्वाचन क्षेत्रको जातीय, भाषिक, सामाजिक, भौगोलिक तथा जनसांख्यिक समीकरणसँग उम्मेदवारको तादात्म्यता र प्रभावलाई समेत आधार बनाइएको छ। त्यस्तै जनसम्बन्ध, बहुआयामिक लोकप्रियता र सार्वजनिक आचरण, शैक्षिक एवं पेसागत, भुइँतहको प्रमाणित अनुभवसमेत मूल्यांकन गरिनेछ।

त्यसपछि तेस्रो आधारमा समावेशितालाई जोड दिइएको छ। उम्मेदवारले आफ्नो प्रोफाइलमा प्रविष्ट गरेको जन्ममिति, नागरिकता, लिंग र प्रमाणित समावेशी कागजातहरूका आधारमा पार्टीको डिजिटल प्रणालीले स्वचालित रूपमा नै अंक दिनेछ। समावेशितामा १० प्रतिशत भारांक रहेको छ।

चौथो अर्थात् प्रारम्भिक निर्वाचनमा सम्बन्धित निर्वाचन क्षेत्रभित्र मतदाता ठेगाना भएका पार्टीका साधारण सदस्यदेखि वडा, पालिका, जिल्ला, प्रदेश र केन्द्रीय तहका पदाधिकारी तथा सदस्य सहभागी हुनेछन्। संघीय सांसदलाई समेत मतदानको अधिकार दिइएको छ। मतदान अनलाइन र वैकल्पिक विधिबाट हुने तथा मतदान र मतगणना सम्पन्न भएपछि कुल प्राप्तांकसहित विस्तृत स्कोरबोर्ड र अन्तिम नतिजा सार्वजनिक गरिने रास्वपाले जनाएको छ।

उम्मेदवारी दिने दिनसम्म २१ वर्ष उमेर पूरा भएको हुनुपर्नेछ। चाहेको सम्बन्धित गाउँपालिका, नगरपालिका वा वडाको अन्तिम मतदाता नामावलीमा नाम दर्ता भएको हुनुपर्नेछ। त्यस्तै प्रचलित कानुनबमोजिम योग्य हुनुपर्नेछ।



स्थानीय तहमा चुक्दा आफ्नो राजनीतिक अस्तित्व नै संकटमा पर्न सक्ने महसुस गरेपछि अहिले गम्भीर बनेको देखिन्छ। बहुदलीय व्यवस्था र गाउँ-गाउँसम्म राजनीतिक दलको बलियो उपस्थिति रहेको अवस्थामा गैरदलीय स्थानीय तहको परिकल्पना गर्नु अव्यावहारिक थियो भन्ने यथार्थलाई बल्ल महसुस गरेको छ।

**– लोकराज बराल**
प्राध्यापक, राजनीतिशास्त्र



क्यान्डिडेट क्लबमार्फत आवेदन लिने प्रक्रिया सुरु भइसकेको छ। पार्टीको विधि, विधान र नियमभित्र बसेर उम्मेदवार छनोट गर्ने हो। भुस निफनेर सङ्लो चामल निकालेझैं स्वच्छ छविको योग्य उम्मेदवार छनोट गर्न लागिपरेका छौं।

**– होमराज दाहाल (राजन)**
उपसभापति, कोशी प्रदेश, रास्वपा



केही आकांक्षीहरू स्क्रिनिङ हुँदा क्यान्डिडेट क्लबबाटै पनि बाहिरिन सक्ने सम्भावना छ। अधिकांश आकांक्षीहरू लिडरसिप एकेडेमीसम्म पुग्नेछन्। त्यहाँ आफ्नो योग्यता, क्षमता प्रस्तुत गर्नुपर्ने हुन्छ।

**– उत्सव अर्याल**
सभापति, बागमती प्रदेश, रास्वपा

## आजको राशिफल



ज्यो. पं. मुकेश काफ्ले

**मेष** – आज आर्थिक लाभका अवसर प्राप्त हुन सक्छन्। महत्त्वपूर्ण काममा सफलता मिल्ने संकेत छ। शुभ रंग: रातो, शुभ अंक: ९

**वृष** – वजन तथा परिवारबाट सहयोग प्राप्त हुनेछ। आम्दानी बढ्ने सम्भावना छ। शुभ रंग: सेतो, शुभ अंक: ६

**मिथुन** – आज नयाँ-नयाँ अवसरहरू प्राप्त हुन सक्छन्। काममा सफलता मिल्ने सम्भावना छ। शुभ रंग: हरियो, शुभ अंक: ५

**कर्कट** – नयाँ जिम्मेवारी प्राप्त हुन सक्छ। स्वास्थ्यमा सामान्य सावधानी अपनाउनु राम्रो हुनेछ। शुभ रंग: सेतो, शुभ अंक: २

**सिंह** – इज्जत तथा मान-सम्मान बढ्नेछ। दीर्घकालीन योजना कार्यान्वयन गर्नका लागि समय अनुकूल रहनेछ। शुभ रंग: रातो, शुभ अंक: १

**कन्या** – तपाईंको मेहनतअनुसार राम्रो परिणाम प्राप्त हुनेछ। आर्थिक पक्षमा केही उतार-चढाव आउन सक्छ। शुभ रंग: हरियो, शुभ अंक: ५

**तुला** – व्यापार-व्यवसाय तथा पेशामा लाभको योग छ। सहकार्यबाट महत्वपूर्ण अवसर मिल्ने सम्भावना छ। शुभ रंग: सेतो, शुभ अंक: ६

**वृश्चिक** – कार्यालय, घर वा सामाजिक क्षेत्रमा जिम्मेवारी बढ्न सक्छ। जिम्मेवारी पूरा गर्दा धैर्य अपनाउनुहोस्। शुभ रंग: गाढा रातो, शुभ अंक: ९

**धनु** – आम्दानीका नयाँ बाटाहरू खुल्न सक्छन्। छोटो दूरीका यात्रा लाभदायक हुन सक्छन्। शुभ रंग: पहेँलो, शुभ अंक: ३

**मकर** – व्यापार तथा कार्यक्षेत्रमा सफलता मिल्नेछ। आर्थिक समस्या समाधानतर्फ अघि बढ्नेछ। शुभ रंग: नीलो, शुभ अंक: ८

**कुम्भ** – सहकर्मीबाट सहयोग प्राप्त हुनेछ। आत्मविश्वासका साथ अघि बढ्दा राम्रो परिणाम मिल्नेछ। शुभ रंग: नीलो, शुभ अंक: ४

**मीन** – महत्वपूर्ण काममा सकारात्मक परिणाम प्राप्त हुन सक्छ। परिवारको सहयोगले मनोबल बढ्नेछ। शुभ रंग: पहेँलो, शुभ अंक: ७

सम्पादकीय

# विदेशमा अलपत्र शवप्रति सरकारको जिम्मेवारी

धादिङको धुनीबेसी नगरपालिकाका सन्तोष राईको शव कम्बोडियाबाट ल्याउन परिवारले सकेन। त्यही समस्या धादिङबाट निर्वाचित सांसद आशिका तामाङले मंगलबार सदनमा प्रश्न राखिन्। परराष्ट्र मन्त्री शिशिर खनालको जवाफ चित्त नबुझेपछि उठेर हिँडिन्। खनालले जवाफ दिएपछि पनि केही बोल्दै गरेकी सांसद आशिका मुर्मुरिँदै बाहिरिएपछि उनको शैली संसदीय मर्यादितविपरीत देखियो। उनको शैली चर्चामा आयो। आलोचना भयो। त्यसमा सच्याउनुपर्ने व्यवहार छँदैछ। तर, संसद्मा उठेको विषय भने गम्भीर छ।

वैध तवरले होस् र अवैध तवरले विदेश गएका युवाको उतै मृत्यु भएपछि शवसमेत ल्याउन नसक्ने परिवार थुप्रै छन्। बर्सेनि १५ सय नेपालीले वैदेशिक रोजगारीको गन्तव्य देशमै मृत्युवरण गर्छन् भन्ने वैदेशिक रोजगार विभागकै तथ्यांकले भन्छ। जसरी सन्तोषको शव ल्याउन सात हजार डलर लाग्ने भनिएको छ, त्यस्तै महँगो खर्चलगायतकै कारण थुप्रै नेपालीको शव ल्याउन कठिन हुने गरेको छ। सबाल सन्तोषको शवमा सीमित छैन, यस्तो नियति भोगिरहेका सयौं नेपालीको सन्दर्भमा यो समस्यालाई हेरिनुपर्छ।

श्रम स्वीकृति लिएर र कानुनी बाटो अपनाएरमात्रै वैदेशिक रोजगारीमा जानुपर्छ भन्ने धेरैलाई थाहा छ। तर थाहा हुँदाहुँदै पनि विभिन्न विवशता र प्रलोभनमा परेर वा परिबन्धले नेपाली युवा अवैध बाटोबाट पनि विदेश पुगेका छन्। सरकारले शव ल्याउन वा वैदेशिक रोजगारीमा गएर दुःख पाएकाहरूका लागि कुनै खास कोष बनाए पनि अवैध बाटोबाट गएकाहरू सुविधाबाट वञ्चित छन्। कानुनको आँखाबाट वैध गएकाहरूलाई चिनिन्छ। तर राज्यको आँखाबाट हेर्दा जुनसुकै नेपाली पनि आफै वैध हैसियतको नागरिक देखिनुपर्छ। बरु राज्यले जुनसुकै माध्यमबाट जाँदा पनि अलपत्र पर्ने, बिरामी पर्ने वा मृत्यु नै भएकाहरूका हकमा के कसरी सम्बोधन गर्न सकिन्छ भन्ने विधि र थिति बनाउने हो, बेवास्ता गर्ने होइन। त्यसो त सोही प्रयोजनको कार्यविधि अर्थ मन्त्रालय पठाइएको परराष्ट्र मन्त्री खनालले सुनाएका छन्। एकमना सरकार चलाइरहेको राष्ट्रिय स्वतन्त्र पार्टीलाई अन्तर मन्त्रालय समन्वय गर्न र त्यस्तो कार्यविधि द्रुत गतिमा स्वीकृत गराउन कुनै अप्ठ्यारो नपर्नुपर्ने हो। त्यसमा कुनै पनि किसिमको ढिलाइ हुनु हुँदैन। विदेशमा अलपत्र परेका नेपाली नागरिकको उद्धार, राहत तथा घरफिर्ती कार्यविधि छिटो कार्यान्वयनमा ल्याइनुपर्छ।

हाम्रोजस्तै वैदेशिक रोजगारीमा असंख्य युवा पठाउने देश फिलिपिन्स, भारत र इन्डोनेसियाले नागरिकको शव ल्याउन छुट्टै कोष पनि बनाएका छन्। दलालहरूमाथि ठूलो कारबाहीको प्रणाली बसाएका छन्। हामीले पनि त्यसो गर्नुपर्छ। अहिले पनि खाडी मुलुकहरू र दक्षिण कोरियामा झन्डै ३५ जना नेपाली अस्पतालहरूमा अचेत अवस्थाको बिरामी छन्। तिनको उपचार गर्ने वा स्वदेश फर्काउने प्रक्रियामा पनि सरकार चुकेको छ। त्यस्ता नागरिकको उपचारका लागि सरकारले विशेष व्यवस्था गर्नुपर्छ। श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएकाहरूबाट नै जम्मा भएको कल्याणकारी कोषबाट खर्च बेहोर्ने र परिवारलाई सात लाख रुपैयाँ आर्थिक सहायता दिने गरिन्छ। स्वीकृति नलिई गएकाहरूका हकमा त्यसबाहेकको व्यवस्था गर्न सकिन्छ। सकेसम्म त स्वीकृति लिएरै जाने परिपञ्च मिलाउने धर्म पनि राज्यकै हो। प्रोत्साहन भने वैध बाटो जानेहरूलाई नै गर्नुपर्छ। तर प्रक्रियाभन्दा मानवीय मूल्य ठूलो हो। तसर्थ मृत्यु भइसकेकाहरूप्रति राज्य पूरै उदासीन हुन भने पाउँदैन। संकटमा परेको जुनसुकै नागरिकप्रति पनि राज्यको कर्तव्य हुन्छ, त्यो कर्तव्य प्रक्रियाहरूभन्दा माथि हुन्छ। यस्ता समस्याको दीर्घकालीन समाधान हेतु प्रणाली अवश्य बसाल्नुपर्छ। कम्बोडिया होस् या अरू हाम्रा गैरपारम्परिक श्रम गन्तव्यमा पुग्ने नेपालीहरूको उद्धारका लागि कूटनीतिक सम्बन्ध र सेतु विस्तार गरिनुपर्छ।

# विधिको शासनमा चुनौती

न्यायपालिका जति शक्तिशाली हुन्छ त्यति नै संवेदनशील पनि हुन्छ।



शंकरनाथ काफ्ले

अग्रमत



कुनै पनि मुलुकको लोकतन्त्रको अवस्था जाँच्ने महत्त्वपूर्ण कसी भनेकै उक्त मुलुकको न्यायपालिकाको वास्तविक अवस्था हो। जुन मुलुकमा स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायपालिका हुन्छ त्यहाँमात्र वास्तविक लोकतन्त्र र उत्तरदायी शासन व्यवस्था छ भन्ने बुझिन्छ। केही समयअघि एमनेस्टी इन्टरनेसनललगायतका विश्वप्रख्यात अन्तर्राष्ट्रिय संस्थाहरूले अनुचित हस्तक्षेपका कारण नेपालमा न्यायिक स्वतन्त्रता, विधिको शासन र शक्तिपृथकीकरणको सिद्धान्तसमेत गम्भीर जोखिममा परेको भन्दै चिन्ता व्यक्त गरेको थिए। त्यो चिन्ता उनीहरूले उसै व्यक्त गरेको भने थिएनन्, उनीहरूले संवैधानिक परिषद् ऐनमा अध्यादेशमार्फत गरिएको संशोधन, सर्बोच्च अदालतमा वरिष्ठता तोडेर गरिएको प्रधानन्यायाधीशको नियुक्ति र बहालवाला न्यायाधीशहरूलाई राजीनामा नदिए महाअभियोग लगाउनेसम्मको धम्की दिएको भन्ने आधार लिएर न्यायपालिकाको सम्बन्धमा चासो देखाएको पाइन्छ। तर, सरकार यो कुरा मान्न तयार छैन। सरकारको तर्फबाट यसलाई कपोलकल्पित वा मिथ्या आरोप भनिरहेको छ। उसले महाअभियोगको प्रसंग अगाडि बढाएको तथ्य सार्वजनिक गर्न चुनौतीसमेत दिइरहेको छ। आज यो विषयलाई ओझेलमा पार्ने प्रयास भइरहेको छ यद्यपि न्यायपालिका उपर सरकारी हस्तक्षेप सुरु भएको हो भने न्यायपालिकाको रक्षाको लागि जनताले खबरदारी गर्नै पर्दछ अन्यथा राजनीतिक पूर्वाग्रह वा अन्य दूषित भाव राखेर सरकारविरुद्ध अन्तर्राष्ट्रिय संस्था सक्रिय भएका हुन् भने त्यसको विरुद्ध पनि विशेष सजगता अपनाउनुपर्ने नै हुन्छ।

लोकतान्त्रिक शासन व्यवस्थामा राज्यका तीन प्रमुख अंग व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाबीच शक्ति सन्तुलन तथा नियन्त्रणको व्यवस्था गरिएको हुन्छ। यी तीन अंगमध्ये न्यायपालिकाको भूमिका विशेष महत्त्वपूर्ण हुने गर्दछ। न्यायपालिकाले संविधान र कानुनको व्याख्या गर्ने, नागरिकका मौलिक हकहरूको संरक्षण गर्ने तथा राज्यका अन्य निकायहरूबाट भएका गैरकानुनी वा असंवैधानिक कार्यको परीक्षण गर्ने जिम्मेवारी बहन गर्दछ। यो सत्य स्वीकार्नै पर्दछ कि, न्यायपालिका केवल मुद्दा फैसला गर्ने संस्थामात्र होइन, यो संविधानवाद, विधिको शासन, मानवअधिकार र नागरिक स्वतन्त्रताको अन्तिम संरक्षक पनि हो। तसर्थ सुदृढ न्यायपालिकाको पक्षमा सबै एक ठाउँमा उभिनै पर्दछ।

प्रत्येक देशको आफ्नै मूल्य मान्यताहरू हुन्छन् यद्यपि शक्ति पृथकीकरणकै सिद्धान्तबमोजिम कुनै न्यायाधीशले संविधान वा कानुनको गम्भीर उल्लंघन गरेमा, उसमा कार्यक्षमताको अभाव भएमा, उसमा खराव आचरण भएमा, उसले इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालना नगरेमा वा आचारसंहिताको गम्भीर उल्लंघनका कारण आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसकेमा उक्त न्यायाधीश उपर महाअभियोग प्रस्ताव प्रस्तुत गर्न पाउने संवैधानिक व्यवस्था छ। यद्यपि महाअभियोगलाई राजनीतिक वा व्यक्तिगत असन्तुष्टिका आधारमा हटाउने साधनका रूपमा होइन, गम्भीर संवैधानिक तथा कानुनी उत्तरदायित्व सुनिश्चित गर्ने असाधारण संवैधानिक प्रक्रियाको रूपमा लिनु पर्ने हुन्छ। यसअघि पनि तत्कालीन प्रधानन्यायाधीश विश्वनाथ उपाध्यायदेखि सुरेन्द्रप्रसाद सिंह हुँदै सुशीला कार्की र चोलेन्द्रशमशेर जबरासम्मलाई महाअभियोग लगाउने प्रस्ताव अघि बढाइएको थियो यद्यपि ती कुनै पनि प्रस्ताव पारित हुन सकेनन् अर्थात् अधिकांश महाअभियोगका प्रसंग राजनीतिक वा व्यक्तिगत असन्तुष्टिका आधारमा अगाडि बढाइएका थिए भन्ने विश्लेषण गर्न सकिन्छ। यसकारण कुनै पनि सरकारले महाअभियोगको प्रस्तावलाई हल्का रूपमा लिनु हुँदैन र आवश्यक पर्दा महाअभियोगको डन्डाले संस्थालाई सुदृढ बनाउने साहस पनि देखाउनु पर्दछ।

न्यायपालिका जति शक्तिशाली हुन्छ त्यति नै संवेदनशील पनि हुन्छ। न्यायपालिकाप्रति जनताको विश्वास कमजोर हुँदा केवल अदालतको प्रतिष्ठामा मात्र असर पर्दैन, समग्र संवैधानिक व्यवस्था र राज्यप्रतिको नागरिकको विश्वासमा समेत नकारात्मक प्रभाव पर्ने गर्दछ। बिनाआधार सर्वोच्च अदालतका माननीय न्यायाधीशहरूमाथि महाअभियोग लगाइँदै छ भन्ने किसिमका हल्लाहरूले तरंग उब्जाएको छ। हुन त महाअभियोग लगाउन पाउने संवैधानिक व्यवस्था हो। नेपालको संविधानको धारा १०१ ले निश्चित आधार र संवैधानिक प्रक्रियाअनुसार महाअभियोगको प्रस्ताव प्रस्तुत गर्न सकिने व्यवस्था गरेको छ। महाअभियोग सामान्य आरोप, राजनीतिक असहमति वा कुनै निर्णयप्रतिको असन्तुष्टिको विषय नभई गम्भीर संवैधानिक उत्तरदायित्वसँग सम्बन्धित प्रक्रिया हो।

महाअभियोग संवैधानिक प्रक्रिया हो, हल्लाको विषय बन्नु हुँदैन। कुनै न्यायाशीशको निर्णयसँग असहमति हुनु, कुनै फैसलाप्रति असन्तुष्टि हुनु वा न्यायिक प्रक्रियामाथि प्रश्न उठ्नुमात्र महाअभियोगको आधार बन्न सक्दैन। न्यायिक निर्णयको आलोचना गर्न सकिन्छ, त्यसको कानुनी विश्लेषण गर्न सकिन्छ र आवश्यकताअनुसार कानुनले तोकेको पुनरावलोकन वा अन्य उपचारको प्रक्रिया अपनाउन सकिन्छ। महाअभियोगसम्वन्धी कुनै विषय अघि बढाउने हो भने पनि त्यसबारे आधिकारिक निकाय, संवैधानिक प्रक्रिया र विश्वसनीय स्रोतबाट स्पष्ट जानकारी सार्वजनिक हुनु पर्दछ। महाअभियोगजस्तो संवेदनशील संवैधानिक विषयलाई कसैले पनि राजनीतिक प्रचार, अफवाह वा सामाजिक सञ्जालको प्रतिस्पर्धाको विषय बनाइनु हुँदैन। कुनै विषय धेरै मानिसले साझा गरेकै आधारमा त्यो सत्य हुन्छ भन्ने छैन। विशेषगरी न्यायपालिका, संविधान, राष्ट्रिय सुरक्षा, निर्वाचन वा सार्वजनिक संस्थासम्बन्धी विषयमा तथ्य पुष्टि नगरी सूचना प्रसार गर्दा त्यसको प्रभाव गम्भीर हुन सक्छ।

न्यायपालिकाको आलोचना र न्यायपालिकामाथिको अविश्वास फरक विषय हुने गर्दछ। लोकतन्त्रमा कुनै पनि संस्था आलोचनाभन्दा माथि हुँदैन। न्यायपालिकाका फैसला, प्रशासनिक कार्यशैली, न्याय सम्पादनमा हुने ढिलाइ, पारदर्शिता वा न्यायमा पहुँचका विषयमा सार्वजनिक बहस हुन सक्छ। रचनात्मक आलोचनाले संस्थालाई सुधार गर्न सहयोग पनि पुऱ्याउँदछ। न्यायपालिकालाई उत्तरदायी र प्रभावकारी बनाउन कानुनी तथा बौद्धिक आलोचनाको महत्त्वपूर्ण भूमिका हुने गर्दछ। तर आलोचना र अविश्वास फैलाउने कार्यबीच स्पष्ट भिन्नता छ। प्रमाण, कानुनी तर्क र तथ्यका आधारमा गरिएको आलोचना लोकतान्त्रिक अभ्यास हो। तर अपुष्ट सूचना, व्यक्तिगत आक्षेप वा पूर्वाग्रहका आधारमा सम्पूर्ण न्यायपालिकाको विश्वसनीयतामाथि प्रश्न उठाउनु जिम्मेवार अभिव्यक्ति हुन सक्दैन। न्यायपालिकाको गरिमा जोगाउनु भनेको न्यायाधीशलाई आलोचनाभन्दा माथि राख्नु होइन। यसको अर्थ न्यायपालिकासम्बन्धी बहस तथ्यमा आधारित, मर्यादित र कानुनी प्रक्रियाप्रति सम्मानजनक हुनुपर्छ भन्ने हो। न्यायपालिकाको स्वतन्त्रता र जवाफदेहिताबीच सन्तुलन कायम गर्नु नै लोकतान्त्रिक शासनको आवश्यकता हो।

अदालतका निर्णयको प्रभावकारिता धेरै हदसम्म संविधान, कानुन र जनविश्वासमा आधारित हुने गर्दछ। नागरिकले आदालतलाई निष्पक्ष र स्वतन्त्र संस्थाको रूपमा विश्वास गरेमा न्यायिक निर्णयप्रति सम्मान र कानुनी शासनप्रति प्रतिबद्धता बलियो हुन्छ। यदि न्यायपालिकाप्रति निरन्तर अविश्वास फैल्याइयो भने नागरिकले कानुनी उपचारको बाटोभन्दा बाहिरी समाधान खोज्न सक्छन्। यसले कानुनी शासन कमजोर बनाउन सक्छ। शक्तिशाली व्यक्ति वा समूहले कानुनभन्दा माथि रहेको अनुभूति गर्न सक्छन्। अन्ततः यसको असर सबैभन्दा बढी सामान्य नागरिक, कमजोर वर्ग र न्यायको खोजीमा रहेका मानिसलाई पर्न जान्छ। तसर्थ न्यायपालिका जति शक्तिशाली हुने गर्दछ त्यति नै संवेदनशील पनि। न्यायपालिका माथिको जनविश्वास संरक्षण गर्नु न्यायाधीश वा अदालतको मात्र जिम्मेवारी होइन, राज्यका सबै अंग, राजनीतिक दल, सञ्चार माध्याम, कानुन व्यवसायी, नागरिक समाज र आमनागरिकको पनि साझा दायित्व हो। न्यायपालिकाप्रति विश्वास कायम राख्न न्यायपालिकाले पनि पारदर्शिता, निष्पक्षता, कार्यकुलता र उच्च नैतिक मापदण्ड कायम गर्नुपर्छ।

मुलुकले आवश्यकताअनुसार के, कस्तो कानुन बनाउने हो भन्ने विषय उक्त देशको सार्वभौम अधिकार हो। कुन व्यक्तिलाई प्रधानन्यायाधीश नियुक्ति गर्ने वा नगर्ने भन्ने विषय पनि उक्त मुलुकको जिम्मेवार अंगको अधिकार हो। आवश्यकताअनुसार अध्यादेश जारी गर्नु वा नगर्नु पनि सरकारको निर्णय अधिकार हो। यस्ता कुरामा सम्बन्धित मुलुकका जनताले विरोध गर्न सक्लान् तर अन्तर्राष्ट्रिय संस्थालाई यस्ता विषयमा बोल्ने अधिकार रहँदैन। कुनै संस्थालाई कुनै मुलुकको सार्वभौम अधिकारमाथि हस्तक्षेप गर्ने अधिकार रहँदैन। अझ औचित्यहीन आरोप लगाएर अतिरञ्जित पार्ने कार्य गर्ने छुट त किमार्थ रहँदैन। यस्ता विषयमा मौनता कायम रहँदा विभिन्न अनुमान र अफवाहले थप स्थान पाउन सक्छन्। त्यसैले सम्बन्धित निकायले समयमा नै स्पष्ट र आधिकारिक जानकारी सार्वजनिक गर्नु उचित हुन्छ। यसको लागि संसद् छ। संसद्मा जिम्मेवार मन्त्रीहरूले सांसदहरूले उठाएका प्रश्नहरूको जवाफ दिनुपर्ने हुन्छ। अझ यस्ता गम्भीर विषयमा प्रधानमन्त्रीले नै जवाफ दिऊन् भन्ने जनप्रतिनिधिहरूको अपेक्षा रहेको हुन्छ। यसैको लागि प्रत्येक महिना प्रधानमन्त्रीले संसद्मा उठेका प्रश्नहरूको जवाफ दिनु पर्दछ भन्ने व्यवस्था राखिएको हो। चुप लागेर बस्दा अनेक आशंका जन्मने र विपक्षीहरूलाई घटनाबारे अतिरञ्जित गर्ने मौका मिल्छ। संसद्मा उभिएर जवाफ दिनु सरकारकै हितमा हुने अभियान हो। तसर्थ यस्ता विविध विषयमा छिट्टै प्रधानमन्त्रीबाट सदन र नागरिकलाई स्पष्ट पार्ने कार्य हुनेछ भन्ने अपेक्षा गरौं।

नागरिकलाई सही सूचना उपलब्ध गराउनु र संस्थाप्रतिको अनावश्यक भ्रम हटाउनु सबैको जिम्मेवारी हुन्छ। लोकतन्त्रमा सूचना लुकाउनुभन्दा सत्य र स्पष्ट जानकारी उपलब्ध गराउनु नै जनविश्वास कायम राख्ने प्रभावकारी उपाय हो। सबैले संविधानवाद, विधिको शासन र मानव अधिकारको संरक्षणमा विशेष भूमिका खेल्नु पर्दछ। स्वतन्त्रता, निष्पक्षता र विश्वसनीयता न्यायपालिकाको मेरुदण्ड हो। न्यायपालिकाको स्वतन्त्रता कमजोर हुदा संविधानवाद, विधिको शासन र नागरिक अधिकारको संरक्षण पनि कमजोर हुन सक्छ। त्यसैले न्यायपालिकासम्बन्धी विषयमा कार्य गर्दा उच्च जिम्मेवारी, तथ्यको परीक्षण र कानुनी प्रक्रियाप्रति सम्मान आवश्यक हुन्छ।

यहाँ कसैले भुल्नु हुँदैन कि न्यायपालिकाको स्वतन्त्रता भनेको सम्बन्धित पक्षको जवाफदेहिताबाट उन्मुक्ति पनि होइन। न्यायपालिकाले निष्पक्षता, पारदर्शिता उत्तरदायित्व र उच्च नैतिक मापदण्ड कायम गर्नुपर्छ। न्यायपालिकाको आलोचना हुन सक्छ तर आलोचना तथ्य र कानुनी आधारमा हुनुपर्छ। संस्थागत सुधारको आवश्यकता औंल्याउनु लोकतान्त्रिक अधिकार हो। आजको आवश्यकता न्यायपालिकाको अन्धसमर्थन वा अनावश्यक विरोध होइन। आवश्यकताअनुसार सत्य, तथ्य, कानुन र संवैधानिक प्रक्रियामा आधारित सार्वजनिक बहस हो। न्यायपालिकाको गरिमा, स्वतन्त्रता र जनविश्वासको संरक्षण गर्दै आवश्यक सुधारका लागि रचनात्मक बहस गर्न सकियो भने मात्र विधिको शासन बलियो हुनेछ। न्यायपालिकाको रक्षा गर्नु कुनै व्यक्ति वा संस्थाको मात्र हितको विषय होइन। यो प्रत्येक नागरिकको न्याय पाउने अधिकार, संविधानको सर्वोच्चता र लोकतान्त्रिक भविष्यसँग जोडिएको विषय हो। त्यसैले न्यायपालिकासम्बन्धी संवेदनशील विषयमा सबै पक्षले संयम, जिम्मेवारी र तथ्यपरकता अपनाउनु आजको प्रमुख आवश्यकता हो।

*काफ्ले, अधिवक्ता हुन्।*

# जनतामा निराशा, राप्रपाको परीक्षा



अर्जुन राई

पुराना दलप्रति जनअसन्तुष्टि त छँदैछ, नयाँ शक्तिको रूपमा उदाएको रास्वपा नेतृत्वको सरकारले पनि जनअपेक्षाअनुसार काम नगर्दा जनतामा निराशा पैदा हुन थालेको छ। सुशासन, विकास र आर्थिक समृद्धि त परको कुरा, सरकारले एक थान एलपी ग्याससमेत उपलब्ध गराउन नसक्दा जनता वाक्क दिक्क छन्। पासपोर्टदेखि मलखादका लागि जनता लाइन बस्नुपर्ने अवस्था छ। महँगीले सीमा नाघ्दै गएको छ। मुलुकको अर्थतन्त्र झन्-झन् जर्जर बन्दै गएको छ। अर्थात्, दुई तिहाइको सरकार बनेको पाँच महिना पुग्न लाग्दा पनि जनताले आधारभूत सेवा, सुविधा लिन सास्तीबाट मुक्ति पाउन सकेका छैनन्।

जनताको स्पष्ट चाहना छ- 'देशलाई सही दिशा दिने दूरदर्शी नेतृत्व, भ्रष्टाचारमाथि कठोर प्रहार, प्रभावकारी सुशासन, राजनीतिक स्थिरता, रोजगारी, उत्पादन, विकास र परिणाममुखी शासन। तर, जनताका यी चाहना र भावनाअनुसार न पुराना दलले काम गरे, न त नयाँ शक्तिका रूपमा उदाएको रास्वपा नेतृत्वको सरकारले नै गर्न सकेको छ। यसैले जनताको असन्तुष्टि बढ्दै जाने र भरोसा टुट्दै जाने स्थितिले देश फेरि नयाँ भड्खालोमा जाने त होइन भन्ने चिन्ता व्यक्त भइरहेका छन। नहोस् पनि किन ? जनतामाझ गम्भीर प्रश्न खडा भएको छ- त्यसो भए अब कसलाई, किन विश्वास गर्ने? '

जनताले विगतमा पुराना दललाई पटक-पटक नेतृत्वको अवसर दिए। त्यस क्रममा पुराना दल र नेताको नेतृत्वमा सरकार बने, सरकार ढले, गठबन्धन फेरिए, सरकार र नेतृत्व फेरिए, तर नागरिकको दैनिक जीवनमा अपेक्षित परिवर्तन आउन सकेन। परिणामस्वरूप नयाँ राजनीतिक शक्तिप्रति जनआकर्षण बढ्यो र नयाँ सरकार बन्यो। तर, नयाँ शक्ति र सरकारको काम र व्यवहार पनि जनअपेक्षित हुन नसकेको स्थितिमा जनताको निराशा थप गहिरिँदै गएको देखिन्छ।

सुशासन, विकास निर्माण, नेपाली जनता राजनीतिक रूपमा सचेत छन्। जनताले कसले के बोल्योभन्दा कसले के गऱ्यो भनेर हेर्न थालेका छन्। भाषणभन्दा परिणाम, नाराभन्दा नीति र आश्वासनभन्दा कार्यसम्पादन हेर्ने गरेका छन्।

यो परिवेश राष्ट्रिय प्रजातन्त्र पार्टीका लागि देश बनाउन एउटा पुनः राजनीतिक अवसर बन्न सक्छ। किनभने राप्रपासँग आफ्नै राजनीतिक विचार, पहिचान र निश्चित जनाधार छ। वर्तमान व्यवस्थाप्रतिको असन्तुष्टि, राष्ट्रियता, प्रजातन्त्र, समानता, सुशासन र वैकल्पिक राजनीतिको खोजीमा रहेका आमनागरिक राप्रपाप्रति आकर्षित हुने सम्भावना छ। तर, सम्भावना मात्रैले पार्टी सबल बन्दैन। त्यसका लागि विचारसँगै बलियो संगठन, कुशल नेतृत्व र परिणाममुखी कार्ययोजना आवश्यक हुन्छ। अहिले राप्रपाको नेतृत्व पार्टीका अध्यक्षका रूपमा राजेन्द्र लिङ्देनले वहन गरिरहेका छन्। पार्टी सफल हुँदा त्यसको श्रेय नेतृत्वले पाउँछ भने संगठनमा कमजोरी देखिँदा, अवसर गुम्दा वा जनविश्वास गुम्दा त्यसको जिम्मेवारी पनि नेतृत्वले नै लिनुपर्छ। यसबाट मूल नेतृत्व अलग रहन सक्दैन। यो व्यक्तिगत आलोचना होइन, लोकतान्त्रिक राजनीतिक संस्कारमा नेतृत्वसँग जोडिएको उत्तरदायित्वको प्रश्न हो।

नेतृत्वको परीक्षा कठिन परिस्थितिमा नै हुन्छ। पार्टीभित्र फरक मतको व्यवस्थापन, संगठनभित्र विश्वासको वातावरण निर्माण, सही समयमा सही निर्णय लिन सक्यो कि सकेन ? गऱ्यो कि गरेन ? जनताको असन्तुष्टिलाई आफ्नो राजनीतिक शक्तिमा बदल्न सक्यो कि सकेन ? यी प्रश्नको उत्तर नेतृत्वले भाषणबाट होइन, व्यवहार र परिणामबाट दिन सक्नुपर्छ। यसरी हेर्दा राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनमा अपेक्षित क्षमता नदेखिएको तथ्यलाई अब यथार्थका रूपमा स्वीकार गर्नुपर्छ। यसलाई व्यक्तिगत आग्रह-पूर्वाग्रह होइन, परिणामले देखिएको नेतृत्वको मूल्यांकनका रूपमा बुझ्नुपर्छ।

राप्रपाले अहिले बाहिरको राजनीतिक असन्तुष्टिलाई आफ्नो पक्षमा ल्याउनुअघि पार्टीभित्रको असन्तुष्टि व्यवस्थापन गर्न सक्नुपर्छ। पार्टीभित्र फरक विचार राख्नेहरूलाई प्रतिस्पर्धी होइन, राजनीतिक सहयात्रीका रूपमा स्वीकार गर्ने हिम्मत र साहस गर्नुपर्छ। नेतृत्वको वरिपरिमात्र घुम्नेहरूको सुझावका आधारमा चल्ने होइन, संस्थागत एवं सामूहिक जिम्मेवारीमा चल्ने पार्टी बनाउनुपर्छ।

राप्रपाको अर्को चुनौती पार्टीले अँगालेको विचारलाई जनतासामु स्थापित गर्नु हो। व्यवस्था परिवर्तनको राजनीति आफ्नो ठाउँमा महत्त्वपूर्ण हुन सक्छ, तर आज नागरिकलाई भोलिको व्यवस्थाभन्दा आजको जीवन महत्त्वपूर्ण छ। जनतालाई रोजगारी चाहिएको छ, उद्यम गर्ने र देशभित्रै आफ्नै परिवार र बाल-बच्चासँग बस्न पाउने वातावरण चाहिएको छ। शिक्षा र स्वास्थ्यमा सुधार चाहिएको छ र भ्रष्टाचारको अन्त्य चाहिएको छ। त्यसैले राजनीतिक विचारलाई जनताको दैनिक जीवनसँग जोड्न र मिलाउन नसके कुनै पनि दलप्रति जनआकर्षण बढ्न सक्दैन। त्यसैले बदलिएको परिस्थितिमा राप्रपाले आफूलाई वैकल्पिक शक्तिका रूपमा स्थापित गर्न अब स्पष्ट आर्थिक र सामाजिक एजेन्डासहित अघि बढ्नुपर्छ। उद्योग विस्तार, कृषि आधुनिकीकरण, रोजगारी सिर्जना, लगानीमैत्री वातावरण, पूर्वाधार विकास र राज्य संयन्त्रमा जवाफदेहिता उसका राजनीतिक कार्यक्रम केन्द्रमा आउनुपर्छ। त्यसका लागि नेतृत्व पनि त्यहीअनुसारको हुनुपर्छ। अबको नेतृत्व केवल लोकप्रिय वक्ता भएर पुग्दैन। संगठन बुझ्ने, फरक विचार सुन्ने, निर्णय गर्न सक्ने, संकट व्यवस्थापन गर्न सक्ने, जनतासँग निरन्तर जोडिन सक्ने र परिणाम दिन सक्ने नेतृत्व हुनुपर्छ। नेतृत्वले पदलाई अधिकारमात्र होइन, जिम्मेवारीसँग जोड्न सक्नुपर्छ।

त्यसैले राप्रपाभित्रको अहिलेको बहस व्यक्ति विशेषलाई समर्थन गर्ने वा विरोध गर्ने रूपमा मात्र सीमित नगरी पार्टीको भविष्य र राजनीतिक दिशासँग जोडेर हेर्नुपर्छ। आजको समीक्षा, नेतृत्वले अपेक्षित गति र प्रभावका साथ पार्टीलाई अघि बढाउन सकेको छ कि छैन ? संगठनलाई थप एकताबद्ध र विस्तार गर्न सकेको छ कि छैन ? उपलब्ध राजनीतिक अवसरलाई जनविश्वासमा रूपान्तरण गर्न सकेको छ कि छैन ? भन्ने कोणबाट हेर्नुपर्छ। यसरी नेतृत्वको मूल्यांकन गर्नु पार्टी पंक्तिको कमजोरी होइन, राजनीतिक परिपक्वता हो।

वास्तवमा परिवर्तनको सबैभन्दा ठूलो कुरा कार्यशैली परिवर्तन हो। अनुहारमात्र होइन, सोच, संस्कार, निर्णय प्रक्रिया र राजनीतिक प्राथमिकता परिवर्तन हुनुपर्छ। त्यसैले राप्रपाले खोज्ने नयाँ नेतृत्व केवल नयाँ व्यक्ति होइन, नयाँ राजनीतिक संस्कार बोकेको नेतृत्व हुनुपर्छ। आज नेपाली जनतालाई राजनीतिक नारा होइन, अवसर चाहिएको छ, आश्वासन होइन, रोजगारी चाहिएको छ, भाषण होइन, विकास चाहिएको छ, सत्ता संघर्ष होइन, स्थिरता र सुशासन चाहिएको छ। राप्रपाले यही जनभावनालाई आत्मसात् गर्न सक्यो भने वर्तमान राजनीतिक असन्तुष्टि उसको अवसर बन्न सक्छ। तर, त्यसका लागि पहिले पार्टीभित्रै नयाँ ऊर्जा र नयाँ राजनीतिक संस्कारको सुरुवात गर्नुपर्छ। नेतृत्वले आलोचनालाई शत्रुता होइन, सुधारको अवसरका रूपमा लिनुपर्छ। संगठनले फरक मतलाई विभाजन होइन, सामूहिक शक्तिका रूपमा बुझ्नुपर्छ। यो गर्ने क्षमता वर्तमान नेतृत्वमा छ त ? परिणाम हेर्दा उत्तर सकारात्मक आउँदैन।

अब समय बदलिएको छ। पुरानै शैली, पुरानै संरचना र पुरानै कार्यशैलीले चल्दैन। राजनीति बदलिएको छ, मतदाता बदलिएका छन् र जनताको अपेक्षा पनि बदलिएको छ। त्यसैले राजनीतिक दलले पनि आफूलाई बदल्न सक्नुपर्छ। राप्रपाका लागि अहिलेको निर्णायक प्रश्न यही हो उपलब्ध सम्भावनालाई केवल नारामा सीमित राख्ने कि त्यसलाई वास्तविक राजनीतिक शक्तिमा रूपान्तरण गर्ने ?

जवाफ स्पष्ट छ। अब पुरानै शैली र संरचनामा अल्झिरहने होइन। राप्रपा नयाँ नेतृत्व, नयाँ ऊर्जा, नयाँ राजनीतिक संस्कार र स्पष्ट राष्ट्रिय संकल्पका साथ अघि बढ्नुपर्छ। जनताको विश्वास जित्ने हो भने परिवर्तनको सुरुवात अरूबाट होइन, आफ्नै संगठन र नेतृत्वबाट गर्नुपर्छ। किनभने अब नेपाली जनता फेरि अर्को आश्वासनमा मात्र रुमिल्लने स्थितिमा छैनन्। जनतालाई हातको हात परिणाम चाहिएको छ। राप्रपाले त्यो परिणाम दिने राजनीतिक क्षमता निर्माण गर्न सक्यो भने नेपालको राजनीतिमा उसको भूमिका निर्णायक बन्न सक्छ। तर, त्यसका लागि समयले मागेको निर्णय गर्नैपर्छ, पुरानो शैलीको निरन्तरता होइन, नयाँ नेतृत्वसहित नयाँ यात्राको सुरुवात गर्नुपर्छ।

*राई, राप्रपाका नेता हुन्।*

# चकलेट खुवाएर बलात्कार, त्यसपछि हत्या

**दिवाकर भण्डारी** | *सिमरा*

बाराको जितपुरसिमरा उपमहानगरपालिका-१ भक्तिटोलस्थित एक घरमा मृत भेटिएकी तीन वर्षीया बालिका गरिमा (गढीमा) चौधरीको बलात्कारपछि हत्या भएको पुष्टि भएको छ। साउन ३१ गते घर अगाडि खेल्दै गरेको अवस्थामा बेपत्ता भएकी बालिकाको शव मंगलबार साँझ फेला परेको हो।

घटनास्थल र शवको अवस्थाबाट हत्याको निष्कर्षमा पुगेको प्रहरीले शव भेटिएको केही समयमै घटनामा संलग्न एक १६ वर्षीय बालकलाई पक्राउ गरेको छ। पक्राउ परेका बालकले आफूले नै गरिमाको बलात्कार र त्यसपछि हत्या गरेको स्वीकार गर्दै घटनाको बेलिविस्तार लगाएका छन्।

प्रहरीका अनुसार पक्राउ परेका बालक जितपुरसिमरा उपमहानगरपालिका-२ का सुमन थापा हुन्। उनी जितपुरसिमरा-१ दसधुरेस्थित प्रोग्रेस चौधरीले चलाउने म्याजिक गाडीमा सहचालकको रूपमा काम गर्थे। १० दिनअघि मात्रै चौधरीको म्याजिकमा काम गर्न थालेका सुमनले गरिमालाई फकाउँदै लगेर बलात्कार र हत्या गरेको स्वीकार गरेका छन्।

घटनाको दिन मनोज चौधरीकी कान्छी छोरी गरिमा करिब एक सय मिटर टाढा रहेको प्रोग्रेसको घरमा गएकी थिइन्। सधैंझैं प्रोग्रेसको पाँच वर्षीया छोरीसँग खेल्न गएका बेला गरिमा बेपत्ता भएकी हुन्। घटना हुँदा बालिकाको बुवा मनोज अमलेखगन्जमा वेल्डिङ काम गर्न निस्किसकेका थिए। आमा मनमती आफ्नै घरमा थिइन्। सधैंझैं खेलेर फर्कनेमा ढुक्क रहेकी मनमतीले त्यसदिन गरिमा नफर्किएको र प्रोग्रेसको घरमा समेत नदेखेपछि खोजी सुरु गरिन्। केहीबेर खोज्दा समेत नभेटिएपछि परिवार र स्थानीयले प्रहरीलाई खबर गरेका थिए। प्रहरीले गरिमा बेपत्ता भएको स्थानलाई केन्द्रीत गरेर खोजी गरिरहेको थियो।

हराएकी बालिकाको अवस्था पत्ता लगाउन प्रहरीले वरपरको सीसीटीभी फुटेज जाँच गर्नुका साथै नजिकको जंगल तथा बजार क्षेत्रमा विभिन्न टोली परिचालन गरिरहेको थियो। खोजीकै क्रममा बेपत्ता भएको स्थानभन्दा दक्षिणतर्फको एक सुनसान घरमा मंगलबार साँझ बालिकाको शव नग्न अवस्थामा भेटियो। घरबाट गन्ध आएपछि स्थानीयले झ्यालबाट हेरे र बालिकाको शव देखेर प्रहरीलाई खबर गरे। प्रहरीले अनुसन्धानका लागि वीरगन्जबाट तालिमप्राप्त कुकुर झिकायो। बालिकाको लुगा सुँघेर घटनास्थलबाट निस्किएको तालिमप्राप्त कुकुर केहीबेरपछि प्रोग्रेसकै घर वरपर पुगेर रोकियो।

प्रहरीले शंकाको आधारमा सुमनलाई तत्कालै नियन्त्रणमा लिई सोधपुछ थाल्यो। सोधपुछका क्रममा सुमनले बालिकालाई चकलेट खुवाउँदै फकाएर उक्त घरसम्म लगेको र बलात्कारपछि हत्या गरेको कहालिलाग्दो बयान दिँदा प्रहरीसमेत चकित बने।

प्रोग्रेसको घर अगाडि खेल्दै गरेकी बालिकालाई सुमनले चकलेट खाने भन्दै लिएर हिँडेका थिए। उनले नजिकैको पसलबाट १० रुपैयाँको चकलेट किनेर बालिकालाई दिए। चकलेट पाएपछि अवोध बालिका उनको पछिपछि उक्त घरमा पुगिन्। जुन घर पाँच महिनादेखि खाली र सुनसान थियो।

खाली र ताला खुला रहेको उक्त घरको विषयमा जानकार रहेका सुमनले बालिकालाई त्यही घरमा लैजाने मनशाय बनाइसकेका थिए। उक्त घरभित्र लगिसकेपछि उनले बालिकामाथि जबरजस्ती करणी गरे। सो समयमा अचेत भएकी बालिकाको घाँटीमा डोरीले बाँधेर आफू निस्किएको क्रूर बयान सुमनले प्रहरीलाई दिएका छन्।

बालिकालाई त्यही छोडेर आफू प्रोग्रेसको घरमा फर्किएर नुहाएको र खाना खाएको उनले बताएका छन्। त्यसको केहीबेर पछि उनी त्यही सुनसान घरमा पुग्छन्। त्यहाँ बालिकालाई मृत देखेपछि घाँटीको डोरी खोलेर नजिकै रहेको तन्नाले छोपेर उनी पुन: प्रोग्रेसकै घरमा फर्किएर बस्छन्। घटनास्थलको अवस्था र सुमनले दिएको बयान मिल्दोजुल्दो भएपछि उनैबाट हत्या भएको निष्कर्ष प्रहरीले निकालेको छ।

यता बालिका हराएको खबर फैलँदै थियो। प्रहरी, परिवार र स्थानीयले बालिकाको खोजी सुरु गरिसकेका थिए। सुमन पनि अनविज्ञ बन्दै बालिकाको खोजी गर्ने टोलीमै मिसिन्छन्। आफ्नो अपराध लुकाउन बालिकाको खोजीमा सहयोग गरेझैं गरेका सुमन अन्तत: प्रहरीबाट उम्कन सक्दैनन्।

प्रहरीले पक्राउ गरेपछि उनले आफ्नो अपराध स्वीकार गरेका हुन्। बयानका क्रममा सुमनले घटनापछि आफूले गलत गरेको महसुस भएको र डरका कारण लुकाउन खोजेको बताएका छन्। बलात्कार गरेको पुष्टि भएपछि प्रहरीले उनको स्वास्थ्य परीक्षण गरी हिरासतमा राखेको छ भने म्याजिकका चालक चौधरीलाई समेत नियन्त्रणमा लिएको छ।

प्रहरीले पक्राउ परेका दुवै जनालाई बुधबार सार्वजनिकसमेत गरेको छ। उनीहरूलाई बारा जिल्ला अदालतबाट चार दिनको म्याद थप गरी अनुसन्धान सुरु गरिएको बाराका प्रहरी उपरीक्षक नरेन्द्र कुँवरले जानकारी दिए। प्रहरी उपरीक्षक कुँवरले अभियुक्तमाथि जबरजस्ती करणी र कर्तव्य ज्यान मुद्दामा कारबाही प्रक्रिया अघि बढाइएको बताए।

घटनाको विरोधमा स्थानीयले पथलैया-वीरगन्ज सडकखण्डस्थित दसधुरे क्षेत्रमा दिनभर टायर बालेर प्रदर्शन गरेका छन्। घटनामा संलग्नलाई हदैसम्मको कारवाहीको माग राख्दै स्थानीयले प्रदर्शन गरेका हुन्। स्थानीयले कानुन संशोधन गरेर भए पनि दोषीलाई फाँसीको सजाय हुनुपर्ने माग राखेका छन्।

यता जितपुरसिमरा उपमहानगरपालिकाका नगर प्रमुख राजन पौडेलले घटनाप्रति दु:ख व्यक्त गर्दै दोषीलाई कडा सजायको माग गरेका छन् भने अनुसन्धानका लागि स्थानीय सरकारले सहयोग गर्ने प्रतिवद्धता जनाएका छन्। पौडेलले जितपुरसिमरा-२ स्थित सरस्वती आधारभूत विद्यालयमा बाल कक्षा (नर्सरी) मा अध्ययनरत बालिकाप्रति श्रद्धाञ्जली व्यक्त गर्न बिहीबार सम्पूर्ण विद्यालयमा शोकसभा राख्नसमेत अपिल गरेका छन्।

# कर्णालीका मुख्यमन्त्रीले पाए विश्वासको मत



**वीरेन्द्रनगर** (अन्नपूर्ण): भागबन्डा नमिल्दा रोकिएको कर्णाली प्रदेश मन्त्रिपरिषद् विस्तार मुख्यमन्त्री नियुक्त भएको तीन सातापछि भएको छ। मुख्यमन्त्री मंगलबहादुर शाही र पूर्वमुख्यमन्त्री एवं एमाले संसदीय दलका नेता यामलाल कँडेलबीच मन्त्रालय बाँडफाँटमा सहमति जुटेसँगै मन्त्रिपरिषद् विस्तार र सरकारले पूर्णता पाउने बाटो खुलेको हो।

सहमतिलगत्तै बुधबार बसेको प्रदेशसभा बैठकबाट मुख्यमन्त्री शाहीले विश्वासको मतसमेत प्राप्त गरेका छन्। ३६ सांसद सहभागी मतदानमा उनको पक्षमा नेकपा र एमालेका २१, विपक्षमा १३ मत परेको छ भने २ सांसद तटस्थ रहे। ४० सदस्यीय प्रदेशसभामा कांग्रेसका १५, नेकपाका १४, सभामुखसहित एमालेका १० र राप्रपाका १ सांसद छन्।

सहमतिअनुसार एमालेका तर्फबाट ३ जना मन्त्री नियुक्त भई बुधबार नै प्रदेश प्रमुख यक्षराज जोशीबाट शपथ लिएका छन्। एमालेले पाएको आर्थिक मामिला तथा योजना मन्त्रालयमा टेकराज पछाई, सामाजिक विकास मन्त्रालयमा जितबहादुर मल्ल र जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयमा कलबहादुर हमाल नियुक्त भएका छन्।

सरकारको नेतृत्वकर्ता दल नेकपामा भने मन्त्री चयनको रस्साकस्सी जारी छ। पुरानालाई नदोहोऱ्याउने मापदण्ड र धेरै आकांक्षी, क्षेत्रीय सन्तुलन तथा समावेशिता मिलाउनुपर्ने भएकाले छलफल भइरहेको र सहमति जुट्नासाथ मन्त्री नियुक्त गरिने बताइएको छ।

## बागमतीको मुख्यमन्त्रीमा थापाको दाबी

**काठमाडौं** (अन्नपूर्ण) : नेकपा (एमाले)का सांसद किरण थापाले ६३ सांसदको स्पष्ट बहुमतसहित मुख्यमन्त्रीमा दाबी पेस गरेका छन्। थापाले नेकपा र राप्रपाका सांसदहरूको समर्थनसहित प्रदेश प्रमुख दीपकप्रसाद देवकोटासमक्ष उनले बुधबार नै दाबी पेस गरे।

कानुनी जटिलता र निर्धारित समय सीमाका कारण प्रदेश प्रमुखले थापाको नियुक्ति र शपथग्रहण भने बिहीबार अपराह्न ४ बजेपछि मात्र गर्ने तयारी गरेका छन्। प्रदेश प्रमुखले दाबी पेस गर्न बिहीबार ४ बजेसम्मको समय सीमा तोकेकाले सो समय सकिएलगत्तै थापालाई मुख्यमन्त्री नियुक्त गरी शपथ गराइने भएको छ। १०४ सदस्यीय बागमती प्रदेशसभामा सरकार बनाउन ५३ सांसद आवश्यक पर्नेमा थापालाई एमालेका २५, नेकपाका २६ र राप्रपाका १२ सांसदको समर्थन रहेको छ। केन्द्रीय सत्ता समीकरणअनुसार एमालेले बागमतीको नेतृत्व पाएको हो। एमाले संसदीय दलको मंगलबारको बैठकले जगन्नाथ थपलियालाई दलको नेता कायम राख्दै थापालाई मुख्यमन्त्री बनाउने सहमति गरेपछि नयाँ सरकार गठनको बाटो खुलेको थियो। यसअघि एमालेले साउन ६ गते समर्थन फिर्ता लिएपछि अल्पमतमा परेका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले सोमबार पदबाट राजीनामा दिएका थिए।

**राप्रपामा भाँडभैलो**

बागमती प्रदेश सरकार गठनका क्रममा नेकपा (एमाले) का मुख्यमन्त्री उम्मेदवार किरण थापालाई समर्थन गरेपछि राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) भित्र तीव्र विवाद सिर्जना भएको छ। प्रदेश संसदीय दलले दिएको समर्थनप्रति पार्टीको केन्द्रीय नेतृत्वले गम्भीर आपत्ति जनाउँदै उक्त समर्थन फिर्ता लिन प्रक्रिया अघि बढाएको छ।

केन्द्रीय नेतृत्वले बागमती प्रदेशका सभामुखलाई पत्राचार गर्दै संसदीय दलको समर्थनप्रति असहमति जनाएको छ। राप्रपाका महामन्त्री एवं सचिवालय प्रमुख राजेन्द्रप्रसाद गुरुङका अनुसार प्रदेश सांसदहरूले बुझाएको समर्थन पत्रलाई मान्यता नदिन प्रदेश प्रमुख र सभामुखलाई औपचारिक अनुरोध गरिएको छ।

साउन २० गते बसेको केन्द्रीय कार्यसम्पादन समितिको बैठकले प्रदेश सरकार निर्माणको गणितीय चलखेलमा सहभागी नहुने र उपयुक्त निर्णय लिने अधिकार अध्यक्ष राजेन्द्र लिङ्देनलाई दिएको थियो। भदौ १ गते बागमती प्रदेश संसदीय दललाई सरकार निर्माणमा तटस्थ बस्न स्पष्ट निर्देशन दिइएको थियो। केन्द्रीय निर्देशनविपरीत संसदीय दलका नेताले समर्थन जनाएपछि राप्रपाले खण्डन विज्ञप्ति जारी गर्दै कारबाही प्रक्रिया अघि बढाएको छ। पार्टीका प्रवक्ता मोहनकुमार श्रेष्ठले केन्द्रीय अधिकारको उल्लंघन हुनु अनुशासनको गम्भीर उल्लंघन भएको बताएका छन्। राप्रपा बागमती प्रदेश संसदीय दलका नेता उद्धव थापाले भने प्रदेशको राजनीतिक अन्योल अन्त्य गर्न संसदीय दलले सो कदम चालको दाबी गरेका छन्।


**पृष्ठ ३ को बाँकी अंश**

| | |
|---|---|
| | **धन/जमानीकर्ताको विवरण** |
| | (१) हंस बिर लिम्बुको नातिनी, इन्द्र बहादुर लिम्बुको छोरी पाँचथर जिल्ला शिवा गा.वि.स. वडा नं. १ परिवर्तित पाँचथर जिल्ला फिदिम न.पा. वडा नं. ६ स्थायी वतन भई हाल पाँचथर जिल्ला मिक्लाजुङ गा.वि.स. वडा नं. ८ बस्ने **जसु माया लिम्बु (ना.प्र.नं. ०२३०२१/३ जारी मिति २०६३।१०।१८ जि.प्र.का. पाँचथर)**<br>(२) कर्ण बहादुर लावतीको नाति, नर बहादुर लावतीको छोरा, पाँचथर जिल्ला दुर्दिम्बा गा.वि.स. वडा नं. २ परिवर्तित पाँचथर जिल्ला मिक्लाजुङ गा.वि.स. वडा नं. ८ बस्ने **आइतराज लावती (ना.प्र.नं. ०२१०३९/९४०० जारी मिति २०६८।०९।०५ जि.प्र.का. पाँचथर)** |
| | **धितोको विवरण** |
| | (१) **तेज बहादुर लावती**को नाममा भूमि प्रशासन कार्यालय दमक झापामा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला दमक न.पा. वडा नं. १६ कित्ता नं. २०६६ को जग्गा क्षेत्रफल २६६.०० व.मी जग्गा (घर-जग्गा) लिगलगापात समेत। |
| ११. | **शाखा कार्यालय : दमक झापा (शिर्षक : व्यक्तिगत कर्जा)**<br>लक्ष्मी प्रसाद भट्टराईको नाति, चुडामणी भट्टराईको छोरा, तेह्रथुम जिल्ला जलजले गा.वि.स. वडा नं. २ को परिवर्तित तेह्रथुम जिल्ला फेदाप गा.पा. वडा नं. ३ स्थायी वतन भई हाल मोरङ जिल्ला सुन्दरहरैचा नगरपालिका वडा नं. १२ बस्ने **वेद निधि भट्टराई (ना.प्र.नं. २१८४५/१५६१ जारी मिति २०४९।०४।०५ जि.प्र.का. तेह्रथुम)** |
| | **धन/जमानीकर्ताको विवरण** |
| | (१) ओमनाथ निरौलाको छोरी, वेद निधि भट्टराईको पत्नि तेह्रथुम जिल्ला खाम्लालु गा.वि.स. वडा नं. १ परिवर्तित तेह्रथुम जिल्ला आठराई गा.पा. वडा नं. २ स्थायी वतन भई हाल मोरङ जिल्ला सुन्दरहरैचा नगरपालिका वडा नं. १२ बस्ने **कल्पना निरौला (ना.प्र.नं.२१७ जारी मिति २०४५।०१।०८ जि.प्र.का. तेह्रथुम)** |
| | **धितोको विवरण** |
| | (१) **वेधनिधि भट्टराई**को नाममा भूमि प्रशासन कार्यालय बेलवारी मोरङमा दर्ता श्रेस्ता कायम रहेको मोरङ जिल्ला हरैचा न.पा. वडा नं. ९ नक्सा सीट नं. ९ग स्थित कित्ता नं.१४२६ को जग्गा क्षेत्रफल ०-०-१५.५-० (विघा-कठ्ठा-धुर-कन्वा)जग्गा घर जग्गा लिगलगापत समेत। |

**बोलपत्र सम्बन्धी शर्तहरू**

१. शिलबन्दी बोलपत्र आवेदन फाराम माथि सूचनाको क्र.सं. १, २, ३, ४ र ५ मा उल्लेखित धितोको हकमा कर्जा असुली विभाग डिल्लीबजार, काठमाडौं, क्र.सं. ६ मा उल्लेखित धितोको हकमा शाखा कार्यालय, विर्तामोड, झापा र क्र.सं. ७, ८, ९, १० र ११ मा उल्लेखित धितोको हकमा शाखा कार्यालय दमक, झापाबाट रू. १,०००।- (पछि फिर्ता नहुने गरि) दाखिला गरी प्राप्त गर्न सकिने छ, साथै बोलपत्र फाराम मिति २०८३।०५।१८ गते दिउँसो १:०० भित्र उल्लेखित विभाग तथा शाखा कार्यालयहरूमा दर्ता गरी सक्नु पर्नेछ।

२. माथि उल्लेखित सम्पत्ति घर-जग्गा निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै उल्लेखित विभाग/शाखा कार्यालयहरुमा सम्पर्क राखि निरीक्षण गर्न सकिनेछ।

३. प्राप्त कुनै पनि बोलपत्र पूर्ण वा आंशिक रूपमा स्वीकार गर्ने वा नगर्ने कारण जनाई वा नजनाई रद्ध गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस संस्थामा सुरक्षित रहनेछ र सो कारवाही सम्बन्धी कुनै कुरा प्रकाशनमा ल्याउन वा जानकारी दिन संस्था बाध्य हुने छैन।

४. अन्य शर्तहरु बोलपत्र फारमा उल्लेख भए बमोजीम हुनेछ र ती शर्त बन्देजहरु यसै सूचनाको अभिन्न अंग मानिनेछ।

| गोप्य शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति: | शिलबन्दी बोलपत्र खोलिने मिति: | समय: |
|---|---|---|
| २०८३।०५।१८ गते विहीबार, दिनको १:०० बजे भित्र | २०८३।०५।२२ गते सोमबार | दिनको १:०० बजे |

**बोलपत्र खोलिने स्थान** :(क्र.सं. १, २, ३, ४ र ५ मा उल्लेखित धितोको हकमा कर्जा असुली विभाग डिल्लीबजार, काठमाडौं, क्र.सं. ६ मा उल्लेखित धितोको हकमा शाखा कार्यालय, विर्तामोड, झापा र क्र.सं. ७, ८, ९, १० र ११ मा उल्लेखित धितोको हकमा शाखा कार्यालय दमक, झापा)

**(कर्जा असुली विभाग डिल्लीबजार, काठमाडौं ०१-४५३७४०१, शाखा कार्यालय विर्तामोड, झापा सम्पर्क नं. ०२३-५३६४२१, शाखा कार्यालय दमक, झापा सम्पर्क नं. ०२३-५७५३८९/९०)**



**NIC ASIA**
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: का.म.पा., वडा नं. २८, कमलादी, प्रज्ञा मार्ग
फोन नं.: +९७७-१-५९७१२२७/९८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, केन्द्रिय असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

**ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैतीस) दिने सार्वजनिक सूचना**

यस बैंकका तपसिलका ऋणीले लिनुभएको ऋण कर्जा सुविधाको साँवा, व्याज लगायतका अन्य रकम बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त उल्लंघन गर्नुभएकोले कर्जा चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता नगर्नुभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी ऋण कर्जाको सम्पूर्ण साँवा, व्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम विक्री वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्वद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितो सुरक्षणबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गर्न सिफारिस गरि बाँकी रहेको कर्जा असूल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| १ | **१) ऋणी फर्म : ओम कृषि तथा पशु पंक्षी फर्म, प्रोप्राईटर तथा जमानीकर्ता : गोविन्द प्रसाद आचार्य**<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी (ब. सु. प.) मा प्रा.फ.दर्ता.नं १२६/०७७/०७८, दर्ता मिति : २०७७/०६/०२, ठेगाना : जिल्ला नवलपरासी, बर्दघाट न.पा. वडा नं. ८ |
| | **२) ऋणी फर्म : श्री दाउन्ने देवी ट्रेडर्स, प्रोप्राईटर तथा जमानीकर्ता : प्रमिला पौडेल**<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी (ब. सु. प.) प्रा.फ.दर्ता.नं १०९८/०७७/०७८, दर्ता मिति : २०७७/११/११, ठेगाना : जिल्ला नवलपरासी, बर्दघाट न.पा. वडा नं. ८ |
| | **३) ऋणी : अनिता ज्ञवाली**<br>स्थायी ठेगाना : गुल्मी जिल्ला, थानपती गा.वि.स. वडा नं. ६, हालको ठेगाना : नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. ८, बाबु : टोपलाल ज्ञवाली, ससुरा : कृष्ण नन्द आचार्य, पति : गोविन्द प्रसाद आचार्य |
| | **४) ऋणी : प्रमिला पौड्याल**<br>स्थायी ठेगाना : चितवन जिल्ला, भरतपुर न.पा. वडा नं. ४, हालको ठेगाना : नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. ८, बाबु : जगदीश प्रसाद पौडेल, ससुरा : कृष्ण नन्द आचार्य, पति : कवि राज आचार्य |
| | **५) ऋणी : गोविन्द प्रसाद आचार्य**<br>स्थायी ठेगाना : नवलपरासी जिल्ला, पञ्चनगर गा.वि.स. वडा नं. १, हालको ठेगाना : नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. ८, बाबु : कृष्ण नन्द आचार्य, बाजे : तारापती आचार्य |
| | **६) ऋणी : कवि राज आचार्य**<br>स्थायी ठेगाना : नवलपरासी जिल्ला, पञ्चनगर गा.वि.स. वडा नं. १, हालको ठेगाना : नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. ८, बाबु : कृष्ण नन्द आचार्य, बाजे : तारापती आचार्य |
| २ | **ऋणी: मोतीराम थारु**<br>**स्थायी ठेगाना:** नवलपरासी जिल्ला, अग्यौली गा.वि.स. वडा नं. १, **हालको ठेगाना:** नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. १४, **बाबु:** पुर्न बहादुर थारु, **बाजे:** छन्नुराम |
| ३ | **ऋणी: अनिता कुमाल**<br>**स्थायी ठेगाना :** नवलपरासी जिल्ला, देउराली गा.वि.स. वडा नं. २, **हालको ठेगाना :** नवलपरासी (ब.सु.पू.) जिल्ला, हुप्सेकोट गा.पा. वडा नं. २, **बाबु :** दल बहादुर कुमाल, **ससुरा:** आइत बहादुर कुमाल, **पति:** दिपक कुमाल |
| ४ | **ऋणी फर्म: ग्रीन ट्रेडर्स, प्रोप्राईटर तथा जमानीकर्ता : सलीम अली**<br>**दर्ता नं. :** घरेलु तथा साना उद्योग कार्यालय, सुनसरीमा प्रा.फ.र.नं. ५११४/०७३/०७४, **दर्ता मिति:** २०७३/०६/१७, **ठेगाना:** जिल्ला सुनसरी, धरान उ.म.न.पा. वडा नं. १८ |
| ५ | **ऋणी: महमद अवास मिया**<br>**स्थायी ठेगाना :** मोरङ जिल्ला, सोराभाग गा.वि.स. वडा नं. १, **हालको ठेगाना :** मोरङ जिल्ला, विराटनगर उ.म.न.पा वडा नं. १५, केशलिया रोड, **बाबु :** महमद अकबर मिया, **बाजे :** नसिर मिया<br>**तथा**<br>**ऋणी: सकिना खातुन**<br>**स्थायी ठेगाना :** मोरङ जिल्ला, सोराभाग गा.वि.स. वडा नं. १, **हालको ठेगाना :** मोरङ जिल्ला, विराटनगर उ.म.न.पा वडा नं. १५, केशलिया रोड, **बाबु :** राफिक अन्सारी, **ससुरा :** नसिर मिया, **पति :** महमद अकबर मिया |
| ६ | **ऋणी : जगत लाल शाही**<br>**स्थायी ठेगाना :** काठमाण्डौ जिल्ला, गोङ्गबु गा.वि.स. वडा नं. ५, **हालको ठेगाना :** काठमाण्डौ जिल्ला, टोखा न.पा. वडा नं. १०, **बाबु :** न्हुछे शाही, **बाजे :** आशा विर शाही |
| ७ | **१. ऋणी फर्म: नेपाने बुद्धपार्क कृषि फर्म, संचालक तथा जमानीकर्ता - काईला तामाङ**<br>**दर्ता नं.:** घरेलु तथा साना उद्योग कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोकमा प्राइभेट फर्म दर्ता नं. १३५८४/०७९/०८०, **दर्ता मिति:** २०७९/०९/०६, **ठेगाना:** जिल्ला काभ्रे, नमोबुद्ध न.पा. वडा नं. ०९ |
| | **२. ऋणी फर्म: बि. जि नेपाने बुद्धपार्क कृषि फर्म, संचालक तथा जमानीकर्ता - विवेक लामा**<br>**दर्ता नं.:** घरेलु तथा साना उद्योग कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोकमा प्राइभेट फर्म दर्ता नं. १०६०६/०७९/०८०, **दर्ता मिति:** २०७९/०९/१३, **ठेगाना:** जिल्ला काभ्रे, नमोबुद्ध न.पा. वडा नं. ०९ |
| | **३. ऋणी: काईला तामाङ**<br>**स्थायी ठेगाना :** काभ्रे जिल्ला, नमोबुद्ध न.पा. वडा नं. ०९, **हालको ठेगाना :** काभ्रे जिल्ला, बनेपा न.पा. वडा नं. ०९, **बाबु :** प्रताप सिं तामाङ, **बाजे :** दुधलाल तामाङ |
| ८ | **ऋणी फर्म : अपेक्षा पशुपालन फर्म, प्रोप्राईटर तथा जमानतकर्ता : विना पौडेल**<br>**दर्ता नं.:** घरेलु तथा साना उद्योग कार्यालय, बागमती प्रदेश, भरतपुर, चितवन, नेपालमा प्रा.फ.द.नं. २४७/०७७/०७८, **दर्ता मिति** २०७७/०६/१४, **ठेगाना:** जिल्ला चितवन, भरतपुर म.न.पा. वडा नं. १७ |
| ९ | **१) ऋणी फर्म : न्यु जेनिअल गेष्ट हाउस, प्रोप्राईटर तथा जमानीकर्ता: यसोदा खड्का**<br>**दर्ता नं.:** उद्योग तथा वाणिज्य कार्यालय, चरीकोट, दोलखामा प्रा.फ.द.नं. १७००/०७४/०७५, **दर्ता मिति** २०७४/०४/१९, **ठेगाना:** जिल्ला दोलखा, भिमेश्वर न.पा. वडा नं. ३ |
| | **२) ऋणी : मदन कृष्ण थापा**<br>स्थायी ठेगाना : दोलखा जिल्ला, भिमेश्वर न.पा. वडा नं. १०, हालको ठेगाना : दोलखा जिल्ला, भिमेश्वर न.पा. वडा नं. ३, बाबु : खड्ग बहादुर थापा, बाजे : ललित बहादुर थापा |
| | **कर्जाको किसिम: व्यक्तिगत कर्जा**<br>**३) ऋणी : यसोदा खड्का**<br>**स्थायी ठेगाना :** दोलखा जिल्ला, पवटी गा.वि.स. वडा नं. ६, **हालको ठेगाना :** दोलखा जिल्ला, भिमेश्वर न.पा. वडा नं. ३, **बाबु :** तारा बहादुर खड्का, **ससुरा :** खड्ग बहादुर थापा, **पति :** मदन कृष्ण थापा |
| | **जमानीकर्ताहरु: १) मदन कृष्ण थापा,** स्थायी ठेगाना: दोलखा जिल्ला, भिमेश्वर न.पा. वडा नं. १०, हालको ठेगाना: दोलखा जिल्ला, भिमेश्वर न.पा. वडा नं. ३, बाबु: खड्ग बहादुर थापा, बाजे: ललित बहादुर थापा २) **श्रीमती दुर्गा देवी थापा,** स्थायी ठेगाना: दोलखा जिल्ला, चरीकोट गा.वि.स. वडा नं. ४, हालको ठेगाना: दोलखा जिल्ला, भिमेश्वर न.पा. वडा नं. ३, बाबु: यम बहादुर कार्की, ससुरा: ललित बहादुर थापा, पति: खड्ग बहादुर थापा |
| १० | **ऋणी: गणेश सुनार**<br>स्थायी ठेगाना : धादिङ जिल्ला, पिंडा गा.वि.स. वडा नं. २, हालको ठेगाना : धादिङ जिल्ला, गजुरी गा.पा. वडा नं. ५, बाबु : कृष्ण बहादुर सुनार, बाजे : साने सुनार |
| ११ | **ऋणी: उत्तम क्षेत्री**<br>स्थायी ठेगाना: मकवानपुर जिल्ला, चुरीयामाई गा.वि.स. वडा नं. ३, हालको ठेगाना: मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १५, बाबु: बम बहादुर क्षेत्री, बाजे: हर्क बहादुर क्षेत्री |
| १२ | **१) ऋणी फर्म : सेती देवी फर्निचर उद्योग, प्रोप्राईटर तथा जमानीकर्ता: भिम बहादुर श्रेष्ठ**<br>**दर्ता नं.:** घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय दोलखामा, प्रा.फ.नं.घ.उ.वि.: १०४४, **दर्ता मिति** :२०५६/०२/२६, **ठेगाना:** जिल्ला दोलखा, भिमेश्वर न.पा. वडा नं. १० |
| | **२) ऋणी : भिम बहादुर श्रेष्ठ**<br>स्थायी ठेगाना : दोलखा जिल्ला, मागापौवा गा.वि.स. वडा नं. २, हालको ठेगाना : दोलखा जिल्ला, भिमेश्वर न.पा. वडा ६, बाबु : हिरामान श्रेष्ठ, बाजे : मान बहादुर श्रेष्ठ |

नोट: ऋणी/सञ्चालक/प्रोपाईटर बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिहरुको नाम ऋणी/सञ्चालक/प्रोपाईटरको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

# निगमभित्रको विभेद छानबिन गर्दै मानव अधिकार आयोग

**काठमाडौं** (अन्नपूर्ण) : नेपाल वायु सेवा निगममा कार्यरत क्याबिन क्रु सदस्यलाई विभेदपूर्ण तरिकाले अवकाश दिन लागिएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगले चासो प्रकट गरेको छ।

आयोगले यसबारे आवश्यक दस्तावेजसहित निगमलाई पत्र पठाएको सदस्य लिली थापाले जानकारी दिइन्। क्याबिन क्रु (एयरहोस्टेस)लाई गैरकानुनी ढंगले सेवाबाट वञ्चित गर्न लागिएको भनी उजुरी परेपछि आयोगले अध्ययन थालेको र सोही क्रममा आवश्यक कारबाहीका लागि पत्र काटिएको उनले बताइन्।

श्रम अदालतले ५० वर्षसम्म सेवाका लागि गरेको फैसलाविपरीत आफूहरूलाई अन्यायपूर्वक हटाउन लागिएको भन्दै वरिष्ठ विमान परिचारिकाद्वय प्रजिता कार्की र सिर्जना केसीले आयोगमा निवेदन दिएका थिए। उता, श्रम अदालतले भने केसीले दायर गरेको मुद्दामा विपक्षी निगमलाई सुनुवाइका लागि झिकाउने आदेश गरेको छ। श्रम अदालतका अध्यक्ष दीपेन्द्र अधिकारी र सदस्य शैलेन्द्रकुमार चौरसियाको संयुक्त इजलासले सोमबार सुनुवाइका लागि झिकाउने आदेश दिएको हो। कार्कीको हकमा भने यसअघि नै पुनबर्हालीको फैसला भइसकेको छ।

यसैबीच, क्याबिन क्रुकै विषयमा भेदभावपूर्ण व्यवहार भएको भन्दै महिला सुरक्षा दबाब समूहले दुवै जनालाई काममा लगाउन बुधबार आग्रह गरेको छ। निगममा कार्यरत क्याबिन क्रु माथि कुनै खालको विभेद र भेदभाव हुन गए र सरकारले हस्तक्षेप नगर्ने दबाबमूलक कार्यक्रम गर्नेसमेत समूहले जनाएको छ।

# शिक्षक-कर्मचारीको तलब बढ्यो, मन्त्रालयलाई बजेट अपुग



**काठमाडौं** (अन्नपूर्ण) : सरकारले सामुदायिक विद्यालयमा कार्यरत प्रारम्भिक बालविकास (ईसीडी) सहजकर्ता, विद्यालय सहायक कर्मचारी, विद्यालय सहयोगी तथा शिक्षण सहयोग अनुदान कोटाका शिक्षकको पारिश्रमिक वृद्धि गरेको छ।

मन्त्रिपरिषद्को निर्णयअनुसार आर्थिक वर्ष २०८३/८४ देखि लागू हुने गरी ईसीडी सहजकर्ता, विद्यालय सहायक कर्मचारी र विद्यालय सहयोगीको संघीय पारिश्रमिक अनुदानमा मासिक पाँच हजार रुपैयाँ थप गरिएको छ। शून्य दरबन्दी भएका विद्यालयका शिक्षण सहयोग अनुदानका शिक्षकको पारिश्रमिक सम्बन्धित तहको तृतीय श्रेणीको सुरु तलब बराबर कायम गरिएको छ।

नयाँ व्यवस्थाअनुसार ईसीडी सहजकर्ताको मासिक पारिश्रमिक १२ हजारबाट १७ हजार, विद्यालय सहयोगीको १० हजारबाट १५ हजार र विद्यालय सहायक कर्मचारीको १५ हजारबाट २० हजार रुपैयाँ पुगेको छ। त्यस्तै, कक्षा ९-१० मा शिक्षण सहयोग अनुदान कोटामा कार्यरत शिक्षकको पारिश्रमिक माध्यमिक तृतीय श्रेणी तथा कक्षा ६-८ का शिक्षकको निम्नमाध्यमिक तृतीय श्रेणीको सुरु तलब बराबर हुनेछ।

> ईसीडीदेखि शिक्षकसम्मको पारिश्रमिक बढ्दा सरकारमाथि वार्षिक ४ अर्ब ६९ करोड थप दायित्व

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले दूरदराजका विद्यालयमा अहोरात्र खटिने विद्यालय कर्मचारी तथा ईसीडी सहजकर्ताले लामो समयदेखि भोग्दै आएको समस्या समाधानको यो पहिलो चरण भएको बताए। सरकार उनीहरूको रोजगारी सुरक्षा, पेसागत वृद्धि तथा समग्र वृत्ति विकासका लागि प्रतिबद्ध रहेको उनको भनाइ छ।

मन्त्रालयले साविकमा संघीय सरकारले ईसीडी/पूर्वप्राथमिक कक्षाका सहजकर्तालाई १२ हजार, विद्यालय सहायक कर्मचारीलाई १५ हजार र विद्यालय सहयोगीलाई १० हजार रुपैयाँ पारिश्रमिक अनुदान दिँदै आएको जनाएको छ।

नयाँ वृद्धि आर्थिक वर्ष २०८३/८४ देखि लागू हुने जनाएको छ। शिक्षा तथा खेलकुद मन्त्रालयका प्रवक्ता एवं सहसचिव प्रेमप्रसाद भट्टराईले मन्त्रालयको निर्णय लगत्तै विज्ञप्ती जारी गर्दै पारिश्रमिक वृद्धिका लागि चालु आर्थिक वर्षमा थप ४ अर्ब ६८ करोड ९८ लाख ३० हजार रुपैयाँ बजेट आवश्यक पर्ने भएकाले अर्थ मन्त्रालयबाट स्रोत व्यवस्थापनमा सहमति लिएर वृद्धि गर्ने निर्णय गरिएको बताए।

## दार्चुलाका शिक्षकलाई मनोसामाजिक परामर्श

**अन्नपूर्ण** (दार्चुला) : विद्यार्थीमा देखिने मानसिक तनाव र भावनात्मक समस्यालाई समयमै सम्बोधन गर्ने उद्देश्यले दार्चुलाको महाकाली नगरपालिकाका २२ जना शिक्षक-शिक्षिकाका लागि तीनदिने मनोसामाजिक परामर्श तालिम भएको छ। साइकोडेस्क फाउन्डेसन, महाकाली नगरपालिका र वर्ल्डलिंक कम्युनिकेसन्सको संयुक्त आयोजनामा भदौ १ देखि ३ गतेसम्म सञ्चालित तालिममा वरिष्ठ मनोविद् डा. नरेन्द्र ठगुन्नाले सहजीकरण गरेका थिए।

तालिममा विद्यार्थीको मानसिक स्वास्थ्य, सकारात्मक संवाद, तनाव व्यवस्थापन र व्यावहारिक परिवर्तनको पहिचानजस्ता विषयमा व्यावहारिक ज्ञान प्रदान गरिएको थियो। कार्यक्रममा वर्ल्डलिंकका सीएसआर म्यानेजर जनकराज हमाल, नगरका प्रमुख प्रशासकीय अधिकृत तर्कराज भट्ट, वरिष्ठ शाखा अधिकृत ईश्वरी ठगुन्ना धामी र सहभागी शिक्षक रमेश चैंसिरले तालिमबाट प्राप्त ज्ञानलाई शिक्षणमा प्रयोग गर्दै समुदायस्तरसम्म मानसिक स्वास्थ्यसम्बन्धी सचेतना फैलाउनुपर्नेमा जोड दिए।


## हार्दिक श्रद्धाञ्जली



जन्मः १९८७/१२/२५

स्वर्गारोहणः २०८३/04/२३

### स्व. शिवराम आचार्य

यस संस्थाका सञ्चालक श्री अच्युत राज आचार्यका पूजनीय पिता **श्री शिवराम आचार्य** ज्यूको मिति २०८३/०४/२३ गते ९७ वर्षको उमेरमा असामयिक निधन भएको आज **१३औं** दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भनी प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

ICFC
आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड, परिवार



## एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतीस) दिने सूचना

(प्रकाशित मितिः २०८३।०५।०४ गतेको अन्नपूर्ण पोस्ट् राष्ट्रिय दैनिक)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीहरुले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला। उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानून तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्री गरी यस बैंकको लेना रकम असूल उपर गरिनेछ। कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम अन्य कानूनी कारवाहीहरुको प्रकृया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं।

तपसिल

**ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र धितो लेखिदिएको सम्पत्तिको विवरणः**

**१. ऋणीको नामः बि.जी. इलेक्ट्रोनिक्स** — **कर्जा शिर्षकः** क्यास केडिट

(नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, कास्कीमा दर्ता रहेको) दर्ता नं.: ४०८४/०६७/०६८, दर्ता मितिः २०६७/०८/१५, स्थायी लेखा नं.: ३००६९७९६०, ठेगानाः कास्की जिल्ला, पोखरा म.न.पा., वडा नं. १०।

**प्रोप्राईटरः**

**भरत के.सी.:** ना.प्र.प.नं (जारी मिति/स्थान): ४२०१(२०४४/१२/२७/तनहुँ), बाजेको नामः हर्क बहादुर के.सी., बाबुको नामः मक्कर बहादुर के.सी., ठेगानाः तनहुँ जिल्ला, मिर्लुङ गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा., वडा नं. १०।

**व्यक्तिगत जमानतकर्ताहरुः**

**क. गंगा शर्माः** ना.प्र.प.नं (जारी मिति/स्थान): ६५८६(२०५२/०४/२१/कैलाली), बाबुको नामः गौरीश्वर शर्मा, ससुराको नामः मक्कर बहादुर के.सी., पतिको नामः भरत के.सी., ठेगानाः कैलाली जिल्ला, टिकापुर गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा., वडा नं. १०।

**ख. गिता के.सी.:** ना.प्र.प.नं (जारी मिति/स्थान): ५७०४५(२०५९/०४/२६/तनहुँ), बाबुको नामः एक बहादुर गौली, ससुराको नामः मक्कर बहादुर के.सी., पतिको नामः भरत के.सी., ठेगानाः तनहुँ जिल्ला, मिर्लुङ गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा., वडा नं. १०।

**२. ऋणीको नामः भरत के.सी.** — **कर्जा शिर्षकः** सम्पत्ति धितो कर्जा

ना.प्र.प.नं (जारी मिति/स्थान): ४२०१(२०४४/१२/२७/तनहुँ), बाजेको नामः हर्क बहादुर के.सी., बाबुको नामः मक्कर बहादुर के.सी., ठेगानाः तनहुँ जिल्ला, मिर्लुङ गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा., वडा नं. १०।

**व्यक्तिगत जमानतकर्ताहरुः**

**क. गंगा शर्माः** ना.प्र.प.नं (जारी मिति/स्थान): ६५८६(२०५२/०४/२१/कैलाली), बाबुको नामः गौरीश्वर शर्मा, ससुराको नामः मक्कर बहादुर के.सी., पतिको नामः भरत के.सी., ठेगानाः कैलाली जिल्ला, टिकापुर गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा., वडा नं. १०।

**ख. गिता के.सी.:** ना.प्र.प.नं (जारी मिति/स्थान): ५७०४५(२०५९/०४/२६/तनहुँ), बाबुको नामः एक बहादुर गौली, ससुराको नामः मक्कर बहादुर के.सी., पतिको नामः भरत के.सी., ठेगानाः तनहुँ जिल्ला, मिर्लुङ गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा., वडा नं. १०।

**३. ऋणीको नामः गंगा शर्मा** — **कर्जा शिर्षकः** आवास कर्जा

ना.प्र.प.नं (जारी मिति/स्थान): ६५८६(२०५२/०४/२१/कैलाली), बाबुको नामः गौरीश्वर शर्मा, ससुराको नामः मक्कर बहादुर के.सी., पतिको नामः भरत के.सी., ठेगानाः कैलाली जिल्ला, टिकापुर गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा., वडा नं. १०।

**व्यक्तिगत जमानतकताहरुः**

**क. भरत के.सी.:** ना.प्र.प.नं (जारी मिति/स्थान): ४२०१(२०४४/१२/२७/तनहुँ), बाजेको नामः हर्क बहादुर के.सी., बाबुको नामः मक्कर बहादुर के.सी., ठेगानाः तनहुँ जिल्ला, मिर्लुङ गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा., वडा नं.१०।

**ख. गिता के.सी.:** ना.प्र.प.नं (जारी मिति/स्थान): ५७०४५(२०५९/०४/२६/तनहुँ), बाबुको नामः एक बहादुर गौली, ससुराको नामः मक्कर बहादुर के.सी., पतिको नामः भरत के.सी., ठेगानाः तनहुँ जिल्ला, मिर्लुङ गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा., वडा नं. १०।

**ऋणी बि.जी. इलेक्ट्रोनिक्स र ऋणी भरत के.सी.को लागि धितो लेखिदिएको सम्पत्तिको विवरणः**

हर्क बहादुर के.सी.को नाति, मक्कर बहादुर के.सी.को छोरा, तनहुँ जिल्ला, मिर्लुङ गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा., वडा नं. १० बस्ने **भरत के.सी.** को नाममा मालपोत कार्यालय कास्कीको लगतमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला, पोखरा उ.म.न.पा., वडा नं. १०, नक्सा सीट नं. ०९४०९२११९ स्थित कि.न. ५० को क्षेत्रफल १६०.२० व.मि.को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

**ऋणी गंगा शर्माको लागि धितो लेखिदिएको सम्पत्तिहरुको विवरणः**

हरिलाल शर्माको नातिनी, गौरीश्वर शर्माको छोरी, मक्कर बहादुर के.सी.को बुहारी, भरत के.सी.को पत्नी, कैलाली जिल्ला, टिकापुर गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा., वडा नं. १० बस्ने **गंगा शर्मा**को नाममा मालपोत कार्यालय कास्कीको लगतमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला, शिशुवा गा.वि.स./न.पा., वडा नं. ६, नक्सा सीट नं. ०९४१०८९१ स्थित कि.न. २०४८, २०४९ र ३९०६ को क्षेत्रफल कमशः ७९.४८, ७९.४८ र ३१.७९ व.मि.को जग्गाहरु र उक्त जग्गाहरुमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

**४. ऋणीको नामः हाम्रो सुपा देउराली ग्रिल उद्योग** — **कर्जा शिर्षकः** सवारी साधन कर्जा

(प्रदेश सरकार, ५ नं. प्रदेश, उद्योग, पर्यटन बन तथा बातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, सिद्धार्थनगर, रुपन्देहीमा दर्ता रहेको) दर्ता नं. २०३३२/०७७/७८, दर्ता मितिः २०७७०७०२, स्थायी लेखा नं. ६१४०७९४२९, ठेगानाः रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ११।

**प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः**

**जेनिता पौडेलः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३७-०१-६९-०१२१८(२०६९/०७/१७/रुपन्देही), बाबुको नामः शत्रुघन पौडेल, ससुराको नामः दिप नारायण खनाल, पतिको नामः काशीराम खनाल, ठेगानाः रुपन्देही जिल्ला, करहिया गा.वि.स. वडा नं. ८, स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, वुटवल उ.म.न.पा. वडा नं. ११।

**व्यक्तिगत जमानतकर्ताः**

**काशीराम खनालः** ना.प्र.प.नं (जारी मिति/स्थान): ४०१०१२/१०२०(२०६७/०७/१८/अर्घाखाँची), बाजेको नामः हरि लाल खनाल, बाबुको नामः दिप नारायाण खनाल, ठेगानाः अर्घाखाँची जिल्ला, खनदह गा.वि.स. वडा नं. ६, स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, वुटवल उ.म.न.पा. वडा नं. ११।

**धितो लेखिदिएको सम्पत्तिको विवरणः**

धनी एनएमबि बैंक लि./ ऋणी **हाम्रो सुपा देउराली ग्रिल उद्योग**को नाममा लुम्बिनी प्रदेश यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः

**सवारीसाधनको विवरणः**

कम्पनीः टाटा मोटर्स लि., मोडलः ACE MEGA XL, सवारी दर्ता नं.: लु ३ च ३३२४, बनेको सालः २०२१ च्यासिस नं.: MAT535102MZR05433, इन्जिन नं.: 0.8LTDICRAIL10BYXS20382

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands | Member of: Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असूली विभाग, नक्साल, काठमाण्डौ
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९



## सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोनः ०१-४५२१८६१/६२/६३

### कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

सूचना प्रकाशित मितिः २०८३/०५/०४ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको विभिन्न शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, व्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त वन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत वक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) **दिन** भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाई यसै सूचना मार्फत सूचित गरिन्छ। अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणी तथा जमानीकर्तालाई कालोसूचीमा समेत सूचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ।

तपसिल

| ऋणीको विवरण | जमानतकर्ताको विवरण |
| --- | --- |
| **१. ऋणीः श्री शिवम एण्ड शिवानी कन्स्ट्रक्सन प्रा.लि.**<br>दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय<br>दर्ता नं. : १७५३९३/०७४/०७५<br>दर्ता मितिः २०७४/०६/०१<br>ठेगानाः गौशाला-५, बेलगाछी, महोत्तरी<br>पान नं. ६०६८८१७६६<br>**संचालक/जमानतकर्ताको नामः प्रमोद कुमार महतो**<br>बाबुको नाम : शिव शंकर महतो<br>बाजेको नाम : केशवर महतो<br>ठेगाना : बेलगाछी-९, महोत्तरी<br>हाल : गौशाला-८, महोत्तरी<br>ना.प्र.नं. : ०५००२५२०, जारी मिति : २०६२/०५/१५<br>जारी गर्ने कार्यालय : जि.प्र.का., महोत्तरी<br>**कर्जा लिएको शाखा : बर्दिवास, महोत्तरी**<br>**जमानतकर्ताको विवरण**<br>**क) नाम : बविता महतो**<br>बाबुको नाम : सत्यनारयण महतो<br>पतिको नामः प्रमोद कुमार महतो<br>ससुराको नाम : शिव शंकर महतो<br>ठेगाना : बेलगाछी-९, महोत्तरी, हाल : गौशाला-८, महोत्तरी<br>ना.प्र.नं.: १८२०७०/५११, जारी मिति : २०६९/०८/१८<br>जारी गर्ने कार्यालय : जि.प्र.का, महोत्तरी | **ख) नाम : शिव शंकर महतो**<br>बाबुको नामः केशवर महतो<br>ठेगाना : बेलगाछी-९, महोत्तरी<br>हाल : गौशाला-५, महोत्तरी<br>ना.प्र.नं. : ०५००२००८, जारी मिति : २०५०/०४/२५<br>जारी गर्ने कार्यालय : जि.प्र.का, महोत्तरी<br>**ग) नाम : फुलमतिया देवी**<br>बाबुको नामः रघुनन्दन महतो<br>पतिको नामः शिव शंकर महतो<br>ससुराको नाम : केशवर महतो<br>ठेगाना : बेलगाछी-९, महोत्तरी<br>हाल : गौशाला-५, महोत्तरी<br>ना.प्र.नं. : ०५००२२७८, जारी मिति : २०५५/११/१३<br>जारी गर्ने कार्यालय : जि.प्र.का महोत्तरी<br>**घ) नाम : अरुण कुमार कुशवाहा**<br>बाबुको नामः शिब शंकर महतो<br>बाजेको नाम : केशवर महतो<br>ठेगाना : गौशाला-७, महोत्तरी<br>हाल : गौशाला-५, महोत्तरी<br>ना.प्र.नं. : १८२०६९/८७५<br>जारी मिति : २०७२/०३/१३<br>जारी गर्ने कार्यालय : जि.प्र.का महोत्तरी |

**सुरक्षणमा रहेको धितोको विवरणः**

१. श्री मालपोत कार्याल जलेश्वर, महोत्तरीमा बविता महतोको नाममा दर्ता कायम रहेको महोत्तरी जिल्ला, ३ नं. बहादुर गंज-९क स्थित कि.नं. ३०८ र ३१० को क्षेत्रफल क्रमशः ३३८.६४ र २९८८.४९ व.मी भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. श्री मालपोत कार्याल जलेश्वर, महोत्तरीमा प्रमोद कुमार महतोको नाममा दर्ता कायम रहेको महोत्तरी जिल्ला, ३ नं. बहादुर गंज-९क स्थित कि.नं. १५५, ५०, ३०९, ३०७ र १५४ को क्षेत्रफल क्रमशः १६९३.२०, ६७७.२८, २९८०.०३, ३३८.६४ र १०१५.९२ व.मी भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

३. **सवारी साधनको विवरणः** यस डेभलपमेन्ट बैंकको नाममा दर्ता भई ऋणी श्री शिवम एण्ड शिवानी कन्स्ट्रक्सन प्रा.लि. कायम रहेको निन्न अनुसारको सवारी साधन ४ थान।

- **सवारी दर्ता नं. : प्रदेश ३. ०१. ००३ क ५४३७**
  कम्पनीको नाम : ग्वाङ्ही लिउगोङ
  मोडल : ZL50CN
  बनेको साल : २०१९
  सि.सि./हर्ष पावर : ५८८३
  च्यासिस नं.: GJ१९६२७४७
  इन्जीन नं. : ९००९१२३७
  सवारीको रङ्ग : पहेलो, सवारीको प्रयोग : निजी
- **सवारी दर्ता नं. : प्रदेश २-०२ ००१ क ०५४९**
  कम्पनीको नाम : JCB India
  मोडल : JCB NXT 221 Tracked Excavator
  बनेको साल : २०२१
  सि.सि./हर्ष पावर : 140 HP
  च्यासिस नं.: PUNJD22AEM2900355
  इन्जीन नं. : 84937264
  सवारीको रङ्ग : पहेलो, सवारीको प्रयोग : निजी
- **सवारी दर्ता नं. : बा ३ क ३३९२,** कम्पनीको नाम : लिउगोङ इण्डिया लि., मोडल : CLG–८३६
  बनेको साल : २०१९, सि.सि./हर्ष पावर : ३९८३, च्यासिस नं.: CLG८३६Z०००१८०१३१२
  इन्जीन नं. : ६P१८S०४६७०१, सवारीको रङ्ग : पहेलो, सवारीको प्रयोग : निजी

| ऋणीको विवरण | जमानतकर्ताको विवरण |
| --- | --- |
| **२. ऋणीः सरिता गुरुङ**<br>बाबुको नाम : सुर्जराज गुरुङ<br>बाजेको नाम : धनराज गुरुङ<br>ठेगाना : नेत्रावती डवजोङ-०१, धादिङ<br>हाल : तारकेश्वर-०५, काठमाण्डौ<br>ना.प्र.नं. : ४४१०३९/१६१, जारी मिति : २०६५/१२/०४<br>जारी गर्ने कार्यालय : जि.प्र.का., धादिङ<br>**कर्जा लिएको शाखा : बनस्थली, काठमाण्डौ** | **क) नाम : तुल बहादुर गुरुङ**<br>बाबुको नाम : बुद्धि बहादुर गुरुङ<br>बाजेको नाम : सरोज गुरुङ<br>ठेगाना : नेत्रावती डवजोङ-०१, धादिङ<br>हाल : तारकेश्वर-०५, काठमाण्डौ<br>ना.प्र.नं. : २२५१८, जारी मिति : २०५५/०३/१२<br>जारी गर्ने कार्यालयः जि.प्र.का., धादिङ |

**सुरक्षणमा रहेको धितोको विवरणः** यस डेभलपमेन्ट बैंकको नाममा दर्ता भई ऋणी श्री सरिता गुरुङ कायम रहेको निम्नानुसारको सवारी साधन १ थान।

**सवारी साधा दर्ता नं.: बा.प्र.०३-००१-च १४०७,** कम्पनीको नाम : टाटा योद्धा, सि.सि./हर्ष पावरः २९५६
ईन्जिन नं.: 4SPCR10DYX617261, च्यासिस नं.:MAT464602MSR06979, सवारीको प्रयोगः भाडा
बनेको सालः २०२१, मोडलः 2898563 1000R-XENON YODHA SC4*2, सवारीको रङ्गः White


## मलमा...


मलको कालोबजारीका घटना पनि आइरहेका छन्। सहकारीहरूले गैरसदस्यलाई मल नदिने र बढी मूल्य लिएर अरूलाई बेच्ने गरेका घटनाले मलको समस्या सतहमा आएको छ। वर्षात्मा हुने बाढी-पहिरोका कारण आन्तरिक ढुवानी जटिल हुनु र इन्धनको मूल्यवृद्धिले ढुवानीकर्ता पन्छिन खोज्नुले पनि समस्या थपेको छ। मन्त्रालयका सहसचिव डा.श्रेष्ठ वितरण प्रणालीमा देखिएका समस्याले गर्दा मल अभाव देखिएको स्वीकार गर्छन्। किसानको अस्वाभाविक माग पूर्ति गर्न गाह्रो परेको छ। भारतजस्तो अत्यधिक मल खपत हुने देशको प्रतिहेक्टर खपतभन्दा मधेस प्रदेशका किसानको खपत बढी देखिएको छ। अत्यधिक अनुदान भएकाले पनि युरियाको माग अस्वाभाविक रूपमा बढेको छ। भन्सार विन्दुमा अन्तर्राष्ट्रिय मूल्य करिब ८० रुपैयाँ पर्ने युरियामा ८२ प्रतिशत अनुदान दिएर १६ रुपैयाँमा उपलब्ध गराइएको छ भने १ सय ६७ रुपैयाँ पर्ने डीएपीमा ७४ प्रतिशत अनुदान दिएर ४३ रुपैयाँमा उपलब्ध गराइँदै आएको छ। पोटासमा ५५ प्रतिशत अनुदान छ। यो मूल्यमा सहकारीले लिने १-२ रुपैयाँ र लोड-अनलोड खर्चमात्रै थपिने गर्छ। तर सरकारले भनेको यो मूल्यमा सबै किसानले मल पाइरहेका छैनन्। अनुदानकै मलमा कालोबजारी हुँदा किसान ठगिरहेका छन्। गैरकानुनी गतिविधि गरेका कारण कालोबजारी ऐनअन्तर्गत मुद्दा चलाउने र छापा मार्ने काम भइरहेको डा. श्रेष्ठले जानकारी दिए।

कृषि मन्त्रालयको बजेटको दुई-तिहाइभन्दा बढी हिस्सा रासायनिक मलमै जाने गरेको छ और थप मलका लागि अर्थ मन्त्रालयसँग थप बजेट माग गरिँदै छ।

रासायनिक मलमा अत्यधिक र असन्तुलित निर्भरताका कारण माटो बन्झर र मरुभूमि बन्ने खतरामा पुगेको छ। यसले माटोमा अम्लीयपना बढाएको छ भने प्रांगारिक पदार्थ नष्ट गरेको छ। प्रत्येक वर्ष समान उत्पादन लिन पनि मलको मात्रा बढाउनुपर्ने बाध्यता बनेको छ। रासायनिक मलप्रतिको यो निर्भरता देशको वित्तीय स्वास्थ्य, माटोको स्वास्थ्य, पर्यावरण तथा मानव स्वास्थ्य कुनै पनि हिसाबले दिगो छैन। पहिले ५० करोडबाट सुरु भएको अनुदान गत वर्ष ३४ अर्ब नाघेको छ भने यो वर्ष ४० अर्ब रुपैयाँभन्दा बढी जाने अवस्था छ। बजेटको ठूलो हिस्सा मलमै सकिँदा जलवायु परिवर्तन, युवालाई कृषिमा आकर्षित गर्ने, जंगली जनावरको नियन्त्रण र रैथाने बालीको संरक्षणजस्ता अन्य महत्त्वपूर्ण विषय ओझेलमा परेका कृषि मन्त्रालयका सहसचिव श्रेष्ठ बताउँछन्।

किसानहरूलाई 'माटो बचाऔं' अभियानमार्फत सचेत गराउनुपर्ने आवश्यकता उनले औंल्याए। रासायनिक मलको असन्तुलित प्रयोग रोकेर नाइट्रोजन, फस्फोरस र पोटासको सन्तुलित मात्रा मिलाउनुका साथै गोठेमल, कम्पोस्ट, हरियो मल, भर्मी कम्पोस्ट, एजोला, बायोचार र जैविक मलजस्ता वैकल्पिक प्रविधि अपनाउन जरुरी रहेको उनको भनाइ छ।

# अर्थतन्त्र



सुनचाँदीको भाउ

छापावाल सुन : ३,०४,१००
चाँदी : ४,५९५

(प्रतितोला रुपैयाँमा)

विदेशी विनिमय दर

| मुद्रा | एकाइ | खरिद | बिक्री |
|---|---|---|---|
| अमेरिकी डलर | १ | १५२.८ | १५३.४ |
| युरो | १ | १७६.९३ | १७७.६२ |
| पाउन्ड स्टर्लिङ | १ | २०६.७५ | २०७.५६ |
| भारतीय रुपैयाँ | १०० | १६० | १६०.१५ |

# ठगीको नयाँ जालोमा सर्वसाधारण

## 'चिट्ठा परेको' फोनदेखि ओटीपीसम्म

**भवनाथ प्याकुरेल** | *काठमाडौं*

'तपाईंलाई चिट्ठा परेको छ', 'सस्तोमा फ्ल्याट पाइन्छ', 'अनलाइन सपिङको विशेष अफर छ', 'तपाईंलाई मेरो उत्तराधिकारी बनाउन चाहन्छु', 'आकर्षक तलबसहित जागिर लगाइदिन्छु' वा 'तपाईंका लागि गिफ्ट आएको छ'– यस्ता फोन वा सन्देश तपाईंको मोबाइलमा आएका छन्?

यस्ता आकर्षक प्रस्ताव सुन्दा एकछिनका लागि उत्साहित हुनु स्वाभाविक हो। तर सावधान! यही उत्सुकता र लोभलाई हतियार बनाएर ठगी गर्ने गिरोह सक्रिय छन्। पछिल्ला वर्षहरूमा यस्ता प्रलोभनमा परेर आर्थिक रूपमा ठगिनेको संख्या बढ्दै गएको छ।




नेपाल प्रहरीको तथ्यांकले पनि आर्थिक अपराधको बढ्दो चुनौतीलाई स्पष्ट देखाउँछ। आर्थिक वर्ष २०८१/०८२ मा देशभर ५८ हजार ४ सय ७२ कसुर दर्ता भएका छन्। तीमध्ये १६ हजार ५ सय ११ वटा अर्थात् २८.२३ प्रतिशत आर्थिक अपराधसँग सम्बन्धित छन्। आर्थिक अपराधअन्तर्गत मात्रै १३ हजार ८ सय ३७ बैंकिङ कसुरका मुद्दा दर्ता भएका छन्, जुन कुल आर्थिक कसुरको ८३.८० प्रतिशत हो। यस तथ्यांकको महत्त्वपूर्ण हिस्सा साइबर अपराधसँग रहेको छ।

आर्थिक अपराधको यो बढ्दो स्वरूप परम्परागत ठगीमा मात्र सीमित छैन, प्रविधिको तीव्र विस्तारसँगै ठगीका तरिका पनि बदलिँदै गएका छन्। मोबाइलमा आउने एउटा फोन, सामाजिक सञ्जालमा आएको एउटा सन्देश वा अपरिचित लिंकमा गरिएको एउटा क्लिक नै कहिलेकाहीँ ठूलो आर्थिक क्षतिको कारण बन्ने गरेको छ।

नेपाल प्रहरीको साइबर ब्युरोले पनि यस्ता प्रविधिमा आधारित आर्थिक अपराधका धेरै घटनाको अनुसन्धान गरिरहेको जनाएको छ। ब्युरोका प्रहरी उपरीक्षक तथा प्रवक्ता दिलीप गिरीले पछिल्लो समय ओटीपी कोड माग्ने, ह्वाट्सएप ह्याक गर्ने, आईपीएस कोड प्राप्त गर्ने, शंकास्पद लिंकमा क्लिक गराउने, चिट्ठा परेको भन्दै प्रलोभन देखाउने तथा सामाजिक सञ्जालको दुरुपयोग गर्नेजस्ता माध्यमबाट आर्थिक ठगी बढिरहेको बताए।

ठगहरूले प्रविधिमात्र प्रयोग गरिरहेका छैनन्, मानिसको लोभ, डर, उत्सुकता र विश्वासलाई समेत आफ्नो हतियार बनाइरहेका छन्। कहिले चिट्ठाको प्रलोभन, कहिले रोजगारीको आश्वासन त कहिले उपहार र सस्तो सामानको लोभ देखाएर उनीहरूले पीडितलाई आफ्नो जालमा पार्ने गरेका छन्।

अपरिचित नम्बरबाट आएको फोन, अनजान व्यक्तिको सन्देश वा सामाजिक सञ्जालमा देखिएको आकर्षक अफरलाई सामान्य रूपमा लिनु जोखिमपूर्ण हुन सक्ने ब्युरोले जनाएको छ। 'लोभ लाग्ने प्रस्ताव'सँगै 'सावधानी अपनाउने बानी' पनि बढाउनुपर्ने समय आएको प्रवक्ता गिरीको भनाइ छ।

साइबर विज्ञका अनुसार पछिल्लो समय एआई प्रयोग गरी ह्याकरलाई अरूको खाता ह्याक गर्न सजिलो बन्दै गएको छ। अधिवक्ता अञ्जनकुमार दाहालका अनुसार ई-कमर्स व्यवसाय सञ्चालन गर्ने सबैले प्रचलित कानुनअनुसार अनिवार्य रूपमा दर्ता नगरेका हुनाले सामाजिक सञ्जालमा राम्रो र आकर्षक सामानको फोटो तथा विवरण राखेर ग्राहकलाई विश्वासमा पार्ने गरिएको छ। सामान पठाइदिने भन्दै पहिले नै रकम पठाउन लगाउने र पैसा प्राप्त भएपछि सामान नपठाउने वा देखाइएको भन्दा बिल्कुलै फरक र न्यून गुणस्तरको सामान पठाउने घटनासमेत बढिरहेका छन्। उनका अनुसार ठगीका क्रममा कहिले ओटीपी वा अन्य कोड पठाउन लगाउने र सामाजिक सञ्जाल ह्याक गरी बिरामी परेको बहाना बनाई रकम ठगिरहेको पाइएको छ। 'ठगी सानो रकमको होस् वा ठूलो, पीडितका लागि त्यसको असर गम्भीर हुन्छ। अहिले सामाजिक सञ्जालमार्फत हुने ठगीका मुद्दा पनि धेरै आउने गरेका छन्,' दाहालले भने।

ठगको प्रविधि जति आधुनिक हुँदै छ, बच्ने उपाय भने उति नै सरल छ– अपरिचित प्रस्तावमा विश्वास नगर्ने, गोप्य कोड नदिने, जाँच नगरी पैसा नपठाउने र शंका लागे तत्काल उजुरी गर्ने। डिजिटल दुनियाँमा एउटा क्षणको लोभले वर्षौंको कमाइ गुम्न सक्ने चेतावनी विज्ञहरूले दिएका छन्।

**ठगियो नै भने तुरुन्तै गर्नुपर्ने काम**

- बैंक/वालेटलाई तत्काल सम्पर्क गरी कारोबार रोक्का गर्न अनुरोध गर्ने।
- पासवर्ड, पिन तथा आवश्यक सुरक्षा विवरण तत्काल परिवर्तन गर्ने।
- ठगी गर्ने व्यक्तिसँग भएको च्याट, फोन नम्बर, लिंक, प्रोफाइल, स्क्रिनसट र भुक्तानी भौचर नमेटाउने।
- नजिकको प्रहरी कार्यालय वा साइबर ब्युरोमा तत्काल उजुरी गर्ने।
- ह्याक भएको सामाजिक सञ्जाल अकाउन्ट भए सम्बन्धित प्लेटफर्मको रिकभरी तथा रिपोर्टिङ प्रक्रिया पनि सुरु गर्ने।

**सर्वसाधारणले के गर्ने ?**

- ओटीपी, एटीएम/आईपीएस कोड, पासवर्ड, पिन वा बैंक विवरण कसैलाई पनि नदिने।
- अपरिचित व्यक्तिले पठाएको लिंक क्लिक नगर्ने र शंकास्पद एप डाउनलोड नगर्ने।
- 'चिट्ठा परेको', 'गिफ्ट आएको', 'जागिर लगाइदिन्छु', 'सस्तोमा सामान पाइन्छ' जस्ता अत्यधिक आकर्षक प्रस्तावमा तुरुन्त विश्वास नगर्ने।
- सामाजिक सञ्जालमा आएका व्यक्ति वा संस्थाको पहिचान र आधिकारिकता जाँच गरेरमात्र कारोबार गर्ने।
- अनलाइन सामान किन्दा बिक्रेताको व्यवसाय दर्ता, ठेगाना, सम्पर्क नम्बर, रिभ्यु तथा भुक्तानी विवरण जाँच गर्ने।

# राष्ट्र बैंकको डेपुटी गभर्नरमा रावल



**काठमाडौं** (अन्नपूर्ण) : नेपाल राष्ट्र बैंकको डेपुटी गभर्नरमा दीर्घबहादुर रावल नियुक्त भएका छन्। मन्त्रिपरिषद्को बुधबार बसेको बैठकले रावललाई डेपुटी गभर्नरमा नियुक्त गरेको हो।

बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक रावललाई सरकारले आगामी पाँच वर्षका लागि डेपुटी गभर्नरमा नियुक्त गरेको छ।

राष्ट्र बैंकमा दुई डेपुटी गभर्नर हुने व्यवस्था नेपाल राष्ट्र बैंक ऐन २०५८ मा रहेको छ। गत फागुनदेखि दुवै डेपुटी गभर्नर पद रिक्त थियो। त्यसमध्ये एक जना डेपुटी गभर्नरमा किरण पण्डितले गत चैतमा नियुक्ति पाएका थिए। रावल नेपाल राष्ट्र बैंकका अनुभवी अधिकारी मानिन्छन्। उनीसँग राष्ट्र बैंकमा करिब दुई दशक लामो अनुभव रहको छ। रावलले बैंकिङ तथा वित्तीय क्षेत्रको नियमन, सुपरिवेक्षण र व्यवस्थापनसम्बन्धी काममा अनुभव हासिल गरेका छन्। उनी मुलुकको मौद्रिक तथा वित्तीय प्रणालीको प्रमुख जिम्मेवारीमध्ये एक डेपुटी गभर्नर पदमा पुगेका हुन्।

# अलैंची खेतीमा अजिरकोटका किसानको मोह




**शिव उप्रेती** | *गोरखा*

चालिसको दशकदेखि अजिरकोट गाउँपालिकाका विभिन्न गाउँबस्तीमा व्यावसायिक रूपमा अलैंची खेती सुरु भयो। ४० वर्षदेखि लाखौं, करोडौं आम्दानी दिइरहेको अलैंचीले २०७२ सालको भूकम्पपछि बिदा लियो।

साविकको हंशपुर र खरिबोट गाविसका किसानहरूले खेतबारीका धानखेती मासेर अलैंची लगाएका थिए। तर ७० को दशकपछि अलैंचीमा रोग लागेको र मूल्य पनि घटेकाले त्यसतर्फ किसानहरूको मोहभंग भयो। '२०७२ को भूकम्पपछि गाँज कुहिने, फल पनि कुहिने र दाना सेतो हुन थालेपछि किसान निराश हुन थाले। काम गर्ने जवानहरू वैदेशिक रोजगारीमा गएपछि अलैंची खेती गर्न छोडिएको थियो', अलैंचीका अगुवा किसान देवराज धिताल भन्छन्, 'पहिले धान फल्ने खेत मासेर अलैंची रोपियो। पछि अलैंची फल्ने खेत मासेर खेत रोप्ने कोही भएनन्।' अहिले तीन-चार वर्षदेखि फेरि किसानहरूमा अलैंचीको मोह जाग्न थालेको उनको भनाइ छ। 'किसानहरू फेरि पहिलेको जस्तै आम्दानी लिन सकिन्छ कि भनेर जागेका छन्', उनी भन्छन्, 'पहिलेकै क्षेत्रफलमा र पहिलेकै परिमाणमा अलैंची नभए पनि अहिले धेरै किसानहरू फेरि अलैंची खेती गर्न लागि परिरहेका छन्।' अहिले अजिरकोट गाउँपालिकामा अलैंची खेती प्रवर्द्धन गर्न गाउँपालिका स्वयं पनि लागिपरेको छ। केही वर्षदेखि नीति तथा कार्यक्रममा अलैंची प्रवर्द्धन कार्यक्रम समावेश गरी गाउँपालिकाले अलैंची खेतीको विकास तथा विस्तार गर्न लागि परेको कृषि शाखाका प्रमुख शम्भु थापा बताउँछन्।' अघिल्लो आर्थिक वर्ष हामीले ७० हजार अलैंचीको बिरुवा इलामबाट ल्याएर वितरण गर्‍यौं', उनले भने, 'आर्थिक वर्ष २०८०/८१ मा पनि सहयोग गरेका थियौं। अहिलेसम्म निरन्तर सहयोग गरिरहेका छौं।' किसानलाई बिरुवामा पनि र संरचना बनाउन पनि ५०-५० प्रतिशत अनुदान सहयोग गर्ने गरेको उनको भनाइ छ।

# एनसेलले बुझायो करिब ५ अर्ब नवीकरण दस्तुर

**काठमाडौं** (अन्नपूर्ण) : निजी क्षेत्रको दूरसञ्चार सेवा प्रदायक एनसेल आजियटा प्रालिले मोबाइल सेवाको अनुमतिपत्र नवीकरण दस्तुरबापत सरकारलाई ४ अर्ब ९६ करोड ४५ लाख ८२ हजार रुपैयाँ भुक्तानी गरेको छ।

Ncell

नेपाल दूरसञ्चार प्राधिकरणको नबिल बैंकमा रहेको खातामा एनसेलले उक्त रकम दाखिला गरेको हो। एनसेलले बुझाएको रकममा नवीकरण दस्तुरको बाँकी किस्ताबापत ४ अर्ब २५ करोड रुपैयाँ साँवा रहेको छ।

त्यस्तै, २०८२ भदौ ७ देखि २०८३ असार मसान्तसम्मको ३ सय २८ दिनको ब्याजबापत ६४ करोड ९२ लाख ६० हजार र २०८३ साउन १ देखि भदौ २ सम्मको ३३ दिनको ब्याजबापत ६ करोड ५३ लाख २१ हजार रुपैयाँ समावेश छ।

एनसेलले २०८२ भदौ ६ गतेसम्मको किस्ता तथा ब्याज रकम यसअघि नै भुक्तानी गरिसकेको थियो। गत वर्ष भदौ ६ गते कम्पनीले ३ अर्ब २९ करोड रुपैयाँ तथा त्यसअघि २०८२ असार २९ गते २ अर्ब रुपैयाँ भुक्तानी गरेको थियो।

सरकारले एनसेललाई २० अर्ब रुपैयाँको मोबाइल सेवा अनुमतिपत्र नवीकरण दस्तुर चार किस्तामा बुझाउने सुविधा दिएको थियो। २०८१ भदौमा मन्त्रिपरिषद्ले बाँकी किस्तामा वार्षिक १० प्रतिशत ब्याज लिने व्यवस्था गरेको थियो।

एनसेलले २०८१ जेठ १४ गते पहिलो किस्ताबापत ४ अर्ब रुपैयाँ भुक्तानी गर्दै अनुमतिपत्र नवीकरणका लागि आवेदन दिएको थियो। त्यसपछि सरकारको निर्णयअनुसार बाँकी रकम किस्ताबन्दीमा बुझाउने व्यवस्था भएको हो।

WFP
World Food Programme
Programme Alimentaire Mondial
Programa Mundial de Alimentos
برنامج الأغذية العالمي

SAVING LIVES
CHANGING LIVES

**Vacancy Announcement**

**WFP Nepal CO**

**"Qualified Female applicants and persons with disabilities are encouraged to apply."**

| Position/Number of Post/ Duty Station | Contract Type/Grade | VA ID | VA Closing Date |
|---|---|---|---|
| Communications Assistant / 1 / Kathmandu | Special Service Agreement / SSA L5 | 126051 | 1 September, 2026 |

*Please visit the site to apply Job Openings at WFP (myworkdaysite.com)*
*Jobs | United Nations in Nepal*

**Note: vacancy expires at 11:59 PM on the day of the specified VA closing date.**

**Only short-listed candidates will be contacted.**

The organization reserves the right to cancel or postpone the whole recruitment process without providing any reasons whatsoever. No telephone enquires will be entertained.




अन्नपूर्ण विज्ञापन पाटी

स्वस्थ जीवनको लागि स्वच्छ पानी
स्वच्छ पानीको लागि
(३०४ ग्रेड)
स्टेन्लेस स्टिल पानी ट्यांकी
माथि चढ्न, भित्र पसेर सफा गर्न र प्लम्बिङ काम गर्न सकिने, आवश्यकता अनुसारको मोटाइ, आकार र क्षमताको उपलब्ध छ।
महर्जन मेटल ईण्डष्ट्रीज
फोन: ५३६२००१/५३६२०३२

DO
ADVERTISEMENT
PROMOTE YOUR BUSINESS
Dial @
01-4112461
9801047935



## कर्जा भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८३/०५/०४ गते अन्नपूर्ण पोष्ट दैनिक

यस ज्योति विकास बैंकको तपसिलमा उल्लेखित शाखा कार्यालयमा ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी, संचालक, प्रोप्राइटर, जमानीकर्ता समेत लाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गर्न गराउन हुन ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

तपसिल

| क्र.स | शाखा कार्यालय विराटनगर, मोरङ | |
|---|---|---|
| | **ऋणीको नाम, ठेगाना** | |
| १. | **नाम : हनुमान ट्रेडर्स (किराना)**<br>नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यलय, विराटनगर<br>प्रा. फ.र.नं. २६७३०/०७१/७२, दर्ता मिति : २०७१/०७/२६, पान नं. ६०१८१२२३९, दर्ता मिति : २०७० १०/१५<br>ठेगाना : मोरङ्ग जिल्ला, बुधनगर वडा नं. ५, हाल : मोरङ्ग जिल्ला, विराटनगर वडा नं. १८, **प्रोप्राइटर : सिधेश्वरी देवी** | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : सिधेश्वरी देवी**<br>ना.प्र.नं. २१५/०४६/४७, जि.प्र.का. मोरङ्ग<br>जारी मिति : २०४६/०८/२६<br>पतिको नाम : कैलास यादव, ससुराको नाम : मुन्नी यादव<br>ठेगाना : मोरङ्ग जिल्ला, बुधनगर वडा नं. ४<br>हाल : मोरङ्ग जिल्ला, विराटनगर वडा नं. १८ | **२. नाम : कैलाश यादव**<br>ना.प्र.नं. १२६८, जि.प्र.का. मोरङ्ग<br>जारी मिति : २०३३/०८/२३<br>बाबुको नाम : मुन्नी यादव, बाजेको नाम : धूर्पी यादव<br>ठेगाना : मोरङ्ग जिल्ला, बुधनगर वडा नं. ४<br>हाल : मोरङ्ग जिल्ला, विराटनगर वडा नं. १८ |
| | **३. नाम : विरेन्द्र यादव**<br>ना.प्र.नं. ०५-०१-६९-०३९५१, जि.प्र.का. मोरङ्ग, जारी मिति : २०६९/०४/१६<br>बाबुको नाम : कैलाश यादव, बाजेको नाम : मुन्नी यादव<br>ठेगाना : मोरङ्ग जिल्ला, बुधनगर वडा नं. ४, हाल : मोरङ्ग जिल्ला, विराटनगर वडा नं. १८ | |
| | **धिताको विवरण** | |
| | सिधेश्वरी देवीको नाममा मालपोत कार्यालय विराटनगर, मोरङ्गमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला, बुधनगर वडा नं. ४ स्थित कित्ता नं. ५३३ को क्षेत्रफल ५६५ (व.मि.) को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |
| १. | **शाखा कार्यालय बिर्तामोड, झापा** | |
| | **ऋणीको नाम, ठेगाना** | **जमानतकर्ताको विवरण** |
| | **नाम : राधीका अधिकारी**<br>ना.प्र.नं.४०४११६६७ , जि.प्र.का. झापा<br>जारी मिति : २०६१/०६/२४<br>ससुराको नाम : मान बहादुर अधिकारी<br>पतिको नाम : लिला बहादुर अधिकारी<br>ठेगाना : झापा जिल्ला, खुदुनाबारी वडा नं. ६<br>हाल : झापा जिल्ला, अजुनधारा न.पा. वडा नं. ३ | **नाम : दिपक अधिकारी**<br>ना.प्र.नं. ०४-०१ -७३-०३९७६ जि.प्र.का. झापा<br>जारी मिति : २०७३/०३/२२<br>बाबुको नाम : लिला बहादुर अधिकारी<br>बाजेको नाम : मान बहादुर अधिकारी<br>ठेगाना : झापा जिल्ला, खुदुनाबारी वडा नं. ६<br>हाल : झापा जिल्ला, अजुनधारा न.पा. वडा नं. ३ |
| | **धितोको विवरण** | |
| | दिपक अधिकारीको नाममा मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला, पाराखोपी वडा नं. ४ स्थित कित्ता नं. २८४० को क्षेत्रफल २३७.०५ व.मी भएको घर,जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |
| १. | **शाखा कार्यालय खोर्साने, मोरङ** | |
| | **ऋणीको नाम, ठेगाना** | |
| | **नाम : भुवन सिंह राई**<br>ना.प्र.प.न. २९८-१८३२४-१०४१, जि.प्र.का. झापा, जारी मिति : २०५४/०१/१७<br>बाजेको नाम : बखत बहादुर राई, बाबुको नाम : छत्र कुमार राई<br>ठेगाना : झापा जिल्ला, कमल गा.पा. वडा नं. २, हाल : सुनसरी जिल्ला, ईटहरी न.पा. वडा नं. ९ | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : लक्ष्मी माया शेर्मा**<br>ना.प्र.प.न. १५५५४, जि.प्र.का. झापा<br>जारी मिति : २०५९/६/१<br>ससुराको नाम : छत्र कुमार राई<br>पतिको नाम : भुवन सिहं राई<br>ठेगाना : झापा जिल्ला, तोपगाछी वडा नं. ८<br>हाल : सुनसरी जिल्ला, ईटहरी न.पा. वडा नं. ९ | **२. नाम : अर्थ माया राई**<br>ना.प्र.प.न. २१९/९१८, जि.प्र.का. भोजपुर<br>जारी मिति : २०४६/१२/२<br>ससुराको नाम : बखत बहादुर राई<br>पतिको नाम : छत्र कुमार राई<br>ठेगाना : भोजपुर जिल्ला, ठूलो दुम्मा वडा नं. ५<br>हाल : सुनसरी जिल्ला, ईटहरी न.पा. वडा नं. ९ |
| | **धितोमा रहेको सम्पतिको विवरण** | |
| | भुवन सिंह राईको नाममा मालपोत कार्यालय बिराटनगर मोरङमा दर्ता श्रेष्ता कायम रहेको मोरङ जिल्ला, बनिगामा वडा नं. ४ स्थित कित्ता नं. ५४९ क्षेत्रफल ०-२-०-० (बिघा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय :
का.म.न.पा. वडा नं ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६/०७/०८/०९/१०
शाखा कार्यालय: विराटनगर, मोरङ, फोन नं. ०२१-५१७७७६
शाखा कार्यालय: बिर्तामोड, झापा, फोन नं. ०२३-५३३२२१
शाखा कार्यालय: खोर्सानेे, मोरङ, फोन नं. ०२१-०५४७३८८
website: www.jbbl.com.np, Email:info@jbbl.com.np



### निक क्रिगोस निलम्बित

अस्ट्रेलियाली टेनिस खेलाडी निक क्रिगोस कोकिन परीक्षणमा पोजेटिभ देखिएपछि निलम्बनमा परेका छन्। अन्तर्राष्ट्रिय टेनिस इन्टेग्रिटी एजेन्सीले अगस्ट ४ देखि लागू हुनेगरी उनलाई अस्थायी निलम्बन गरेको हो।



# रंगशाला




## नविता श्रेष्ठको पाँचौं एसियाड यात्रा

# ग्वाङ्झाउदेखि नागोयासम्म

**विष्णु थापा** | *काठमाडौं*

खेलाडीको करियरमा एउटा एसियाली खेलकुद खेल्नु नै ठूलो उपलब्धि मानिन्छ। एसियाका शक्तिशाली खेलाडीबीच आफ्नो देशको प्रतिनिधित्व गर्दै प्रतिस्पर्धा गर्नु आफैंमा गौरवको विषय हो। नेपाली टेबलटेनिस स्टार नविता श्रेष्ठका लागि एसियाली खेलकुद नयाँ र नौलो होइन, उनी यसपटक पाँचौंपटक एसियाली खेलकुदको मञ्चमा उत्रिँदैछिन्। सन् २०१० मा चीनको ग्वाङ्झाउबाट सुरु भएको उनको एसियाली खेलकुदको यात्रा २०१४ को इन्चोन, २०१८ को जकार्ता र २०२३ को हाङ्झाउ हुँदै अब जापानको आइची-नागोयासम्म आइपुगेको छ। २०औं एसियाली खेलकुदमा नेपालबाट महिला टेबलटेनिस टोलीमा नविताको नाम समावेश भएसँगै उनी पाँचौं एसियाड खेल्ने नेपाली खेलाडी बन्नेछिन्।

जापानको आइची-नागोयामा सेप्टेम्बर १९ देखि अक्टोबर ४ सम्म आयोजना हुने २०औं एसियाली खेलकुदमा नेपालले विभिन्न २२ खेलमा सहभागिता जनाउँदैछ। टेबलटेनिसतर्फ तीन पुरुष र तीन महिला खेलाडीले नेपालको प्रतिनिधित्व गर्दै छन्। नयाँ पुस्ताका खेलाडीका लागि नविता अनुभवी खेलाडी मात्रै होइनन्, मार्गदर्शक पनि हुन्। अहिले पहिलो पटक एसियाली खेलकुदमा सहभागी हुँदै गरेका नयाँ खेलाडीले आफूबाट सिक्नुपर्ने धेरै कुरा रहेको नविता बताउँछिन्। 'नयाँ खेलाडीले मबाट सिक्नुपर्ने धेरै छ। मुख्यत: मैले गरेको मेहनत र परिश्रमलाई मात्रै उनीहरूले बुझ्ने हो भने पनि धेरै कुरा बुझ्न र जान्न पाउँछन्', नविता भन्छिन्।

### ग्वाङ्झाउबाट सुरु भएको यात्रा

नविताको एसियाली खेलकुदको यात्रा सन् २०१० मा चीनको ग्वाङ्झाउबाट सुरु भएको थियो। त्यतिबेला उनी नेपाली टेबलटेनिसको उदयीमान खेलाडीका रूपमा अन्तर्राष्ट्रिय मञ्चमा पुगेकी थिइन्। एसियाली खेलकुदजस्तो ठूलो प्रतियोगितामा पहिलोपटक सहभागी हुँदा उनले एसियाका शीर्ष खेलाडीहरूको स्तर नजिकबाट अनुभव गर्ने अवसर पाएकी थिइन्। त्यो पहिलो अनुभवले उनको खेलजीवनमा महत्वपूर्ण भूमिका खेल्यो। त्यसपछि उनले लगातार राष्ट्रिय टोलीमा आफ्नो स्थान बनाउँदै गइन्। चार वर्षपछि दक्षिण कोरियाको इन्चोनमा भएको १७औं एसियाली खेलकुदमा पनि नविताले नेपालको प्रतिनिधित्व गरिन्। त्यसपछि २०१८ मा इन्डोनेसियाको जकार्तामा भएको १८औं एसियाडमा उनी फेरि नेपाली टोलीको सदस्य बनिन्। जकार्ता एसियाडमा नविताले महिला सिंगल्समा प्रतिस्पर्धा गरेकी थिइन्। उनले मकाउकी खेलाडीलाई पराजित गर्दै प्रतियोगिताको सुरुवात गरेकी थिइन्। एसियाली स्तरको प्रतियोगितामा एउटा खेल जित्नु नेपाली खेलाडीका लागि आफैंमा महत्वपूर्ण उपलब्धि थियो।

कोभिड-१९ महामारीका कारण सन् २०२२ मा हुने भनिएको हाङ्झाउ एसियाड २०२३ मा आयोजना भयो। चीनमा भएको १९औं एसियाली खेलकुदमा पनि नविता नेपाली टोलीमा अटाउन सफल भइन। यसरी चारवटा एसियाडको अनुभव बटुलिसकेकी उनी पाँचौंपटक एसियाली खेलकुदमा प्रतिस्पर्धा गर्न लागेकी छन्। नविता पहिलो एसियाली खेलकुदमा नयाँ अनुभव र उत्साह बोकेर सहभागी भएको बताउँदै पाँचौं पटक सहभागी हुँदा परिपक्व अनुभवसँगै केही लक्ष्य बोकेर सहभागी हुन लागेको बताउँछिन्। 'ग्वाङ्झाउ एसियाडमा सहभागी हुँदा नयाँ थिएँ। केही कुरा थाहा थिएन। एसियाली खेलकुद कस्तो होला भन्ने जिज्ञासा थियो', नविता भन्छिन्, 'अहिले पाँचौं पटक सहभागी भइरहँदा केही लक्ष्य बोकेको छु।'

### राष्ट्रिय टेबलटेनिसमा लामो दबदबा

नविताको विशेषता उनको अन्तर्राष्ट्रिय सहभागितामा मात्रै सीमित छैन नेपाली घरेलु टेबलटेनिसमा उनले लामो समयसम्म आफ्नो प्रभुत्व कायम राखेकी छन्। महिला सिंगल्समा उनले लगातार राष्ट्रिय च्याम्पियनको उपाधि जित्दै आएकी छन्। उनी २०६७ सालदेखि २०८० सालसम्म महिला सिंगल्समा निरन्तर राष्ट्रिय च्याम्पियन बन्दै आएकी छन्। लगातार एक दशकभन्दा बढी समय राष्ट्रिय उपाधिमा आफ्नो नाम कायम राख्नु सामान्य उपलब्धि होइन। खेलाडीको स्तर कायम राख्न प्रशिक्षण, शारीरिक फिटनेस, मानसिक तयारी र प्रतियोगिताको निरन्तरता आवश्यक हुन्छ। नविताले यी सबै पक्षमा आफूलाई लामो समयसम्म टिकाइराखेकी छन्। त्यसैले नेपाली टेबलटेनिसमा नविताको नाम केवल एक सफल खेलाडीका रूपमा मात्र होइन, निरन्तरताको उदाहरणका रूपमा पनि लिइन्छ।

उनको खेलजीवनले एउटा महत्वपूर्ण कुरा देखाउँछ, प्रतिभा भएर मात्र हुँदैन, लामो समयसम्म उच्चस्तरमा रहन अनुशासन र निरन्तर मेहनत पनि उत्तिकै आवश्यक हुन्छ।



### चार एसियाडको अनुभव, पाँचौंमा नयाँ चुनौती

एसियाली खेलकुदमा पाँचौं पटक सहभागी हुनु आफैंमा ठूलो उपलब्धि हो। तर, नविताका लागि यसपटकको चुनौती विगतभन्दा फरक पनि छ। पहिलो एसियाड खेल्दा उनी नयाँ पुस्ताकी खेलाडी थिइन्। अहिले उनी नेपाली टोलीकै अनुभवी सदस्य हुन्। उनीसँग अन्तर्राष्ट्रिय प्रतियोगिताका असंख्य अनुभव छन्। एसियाका शीर्ष खेलाडीविरुद्ध खेल्दा कस्तो रणनीति अपनाउने, दबाबमा कसरी खेल्ने र अन्तर्राष्ट्रिय मञ्चको वातावरणलाई कसरी आत्मसात् गर्ने भन्ने अनुभव उनले वर्षौंमा हासिल गरेकी छन्। १९औं एसियाली खेलकुदमा नविताले महिला सिंगल्समा भारतकी मनिका बत्रासँग प्रतिस्पर्धा गरेकी थिइन्। नतिजा उनको पक्षमा आएन। तर, त्यो खेलले नेपाली टेबलटेनिसलाई एसियाको उच्चस्तरीय प्रतिस्पर्धासँग जोड्ने काम गर्न भने सफल भयो। अब २०औं एसियाडमा नविताको अनुभवलाई प्रदर्शनमा बदल्ने चुनौती हुनेछ। यो कुरालाई नविता पनि स्विकार गर्छिन्। 'अहिले ममाथि राष्ट्रले ठूलो भरोसा गरेको छ। त्यो आशा र भरोसामा आफूलाई प्रमाणित गर्नु पनि चुनौती छ', नविता भन्छिन्।

### खेलाडीबाट प्रशिक्षकको भूमिकासम्म

नविताको परिचय खेलाडीमा मात्रै सीमित छैन। उनी नयाँ पुस्ताका खेलाडीलाई प्रशिक्षण दिने काममा पनि संलग्न छिन्। नेपाली टेबलटेनिसमा नयाँ पुस्ताका खेलाडीको विकासमा उनको भूमिका देखिन थालेको छ। उनी आफैंले लामो समय राष्ट्रिय टोलीबाट खेलिसकेकाले प्रशिक्षणका क्रममा अन्तर्राष्ट्रिय प्रतियोगिताको अनुभव पनि बाँड्न सक्छिन्। यसले नविताको यात्राको अर्को पाटो देखाउँछ, उनी आफैं प्रतियोगितामा खेल्दै गर्दा नयाँ पुस्तालाई तयार पार्ने भूमिकामा पनि अघि बढिरहेकी छन्। सुरुमा विभिन्न विद्यालयमा प्रशिक्षण गराउँदै आएकी नविताले अहिले आफ्नै एकेडेमी स्थापना गरेकी छन्।

### पुस्तान्तरणको बिचमा नविता

२०औं एसियाडका लागि महिला टेबलटेनिस टोलीमा नवितासँगै एभाना थापा र योङ्गी पौडेल छन्। यसले नेपाली महिला टेबलटेनिसमा पुस्तान्तरणको तस्बिर देखाउँछ। एकातिर दुई दशकभन्दा लामो अन्तर्राष्ट्रिय अनुभव बोकेकी नविता छिन् भने अर्कोतर्फ नयाँ पुस्ताका खेलाडी छन्। यस्तो अवस्थामा नविताको भूमिका पदकका लागि प्रतिस्पर्धा गर्ने खेलाडीको मात्रै हुँदैन। उनी नयाँ खेलाडीका लागि अनुभव र प्रेरणाको स्रोतसमेत बन्न सक्छिन्। ठूला प्रतियोगितामा खेलाडीले प्राविधिक सीपसँगै मानसिक दबाब पनि व्यवस्थापन गर्नुपर्छ। विपक्षी खेलाडीको स्तर, दर्शकको दबाब, खेलको गति र हारको सम्भावनाबीच आफ्नो खेलमा केन्द्रित रहन अन्तर्राष्ट्रिय अनुभवले ठूलो भूमिका खेल्छ। त्यसैले जापान जाने टोलीमा नविताको उपस्थिति नेपाली टेबलटेनिसका लागि महत्वपूर्ण मानिएको छ।

### पाँचौं एसियाडको अर्थ

नविताका लागि २०औं एसियाली खेलकुद अर्को एउटा प्रतियोगिता मात्रै होइन, यो उनको खेलजीवनको एउटा लामो यात्राको अर्को महत्वपूर्ण अध्याय हो। ग्वाङ्झाउमा पहिलोपटक एसियाड खेल्दा उनीसँग भविष्यका धेरै वर्ष बाँकी थिए। त्यसपछि इन्चोन, जकार्ता र हाङ्झाउ हुँदै उनी अब आइची-नागोयाको मञ्चमा पुग्दैछिन्। यसबीच नेपाली टेबलटेनिसमा धेरै खेलाडी आए, केहीले राष्ट्रिय टोलीमा स्थान बनाए, केहीले अन्तर्राष्ट्रिय प्रतियोगिता खेले र केहीले खेलबाट बिदा लिए। नविता भने निरन्तरता कायम राख्दै अघि बढिरहिन्। पाँचौं एसियाड खेल्ने उपलब्धिले उनको करियरको दीर्घायुमात्रै देखाउँदैन, नेपाली खेलकुदमा लामो समयसम्म उच्चस्तरमा टिकिरहन सकिन्छ भन्ने उदाहरण पनि देखाएको छ।

एसियाली खेलकुदमा पदक जित्नु नेपाली खेलाडीका लागि कठिन चुनौती हो। एसियामा चीन, जापान, दक्षिण कोरिया, भारतलगायत देशका विश्वस्तरीय खेलाडी छन्। टेबलटेनिसमा त प्रतिस्पर्धा झन् कठिन छ। यस्तो अवस्थामा नविताको लक्ष्य आफ्नो स्तरअनुसार उत्कृष्ट प्रदर्शन गर्नु र नयाँ पुस्ताका खेलाडीलाई पनि ठूलो मञ्चको अनुभव दिलाउनु हुनेछ। उनका लागि पाँचौं एसियाड एउटा अंक थपिने तथ्य मात्र होइन, चारवटा एसियाडबाट संकलन गरेको अनुभवलाई अर्को पुस्तासँग बाँड्ने अवसर पनि हो। ग्वाङ्झाउबाट सुरु भएको यात्रा अब नागोयामा पुग्दैछ। पहिलोपटक एसियाड खेल्दा जुन उत्साह र सपना बोकेर नविता अन्तर्राष्ट्रिय मञ्चमा उत्रिएकी थिइन्, पाँचौंपटक पनि देशको प्रतिनिधित्व गर्ने गर्व उस्तै रहनेछ।



## डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड
## Deprosc Laghubitta Bittiya Sanstha Limited

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)
**केन्द्रीय कार्यालय भरतपुर, चितवन**

### कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस लघुवित्त वित्तीय संस्था लिमिटेडबाट तपसिलमा उल्लेखित ऋणीले उपभोग गर्नु भएको ऋण/कर्जा निज ऋणीले यस वित्तीय संस्थासँग गरेको सम्झौता तथा लिखत बमोजिम सो कर्जा रकमको साँवा र ब्याजको रकम नियमित/चुक्ता फछ्र्यौट गर्न पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको बेवास्ता गरी तपाई ऋणी तथा जमानतकर्ताले कर्जा नियमित/चुक्ता फछ्र्यौट नगर्नु भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस लघुवित्त वित्तीय संस्था लिमिटेडको सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी कर्जा तिर्न बुझाउन बाँकी रहेको सम्पूर्ण बक्यौता रकम चुक्ता फछ्र्यौट गर्न/गराउनु हुन ऋणी, जमानतकर्ता लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन, परिपत्र, सूचना अनुसार ऋणी तथा सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाबाट जानकारी गराइनुको साथै बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी तपाईको चल अचल सम्पत्ति बेच बिखन/रोक्का गर्न सक्ने वा उक्त सम्पत्तिबाट लघुवित्त वित्तीय संस्था लिमिटेडको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ ।

**ऋणीको नाम ठेगाना तथा विवरण :** *(सूचना प्रकाशित मिति २०८३/०५/०४ गते विहीबार)*

| क्र.स. | शाखाको नाम | ऋणी/ जमानीकर्ताको नाम | ऋणी/ जमानीकर्ता | ना.प्र.नं/जिल्ला | बाबुको नाम | पतिको नाम | ससुरा/बाजेको नाम | ऋणी/ जमानीकर्ताको ठेगाना | कर्जा नं | उद्देश्य | जग्गाधनीको नाम | जग्गाधनी सँगको नाता | धितो रहेको ठेगाना | कित्ता नं. | धितोको क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बलिया, सप्तरी | **पुनम कुमारी यादव** | ऋणी | १५०७ सप्तरी | वम भोला प्रसाद यादव | विनोद कुमार | राम औतार यादव | डिमन ३, सप्तरी | 1381400117ME | तरकारी व्यापार | पुनम कुमारी यादव | आफै | डिमन ६, सप्तरी | ५८८ | १३४६.०९ व.मि. |
| | बलिया, सप्तरी | **विनोद कुमार** | जमानीकर्ता | २८४०४०३४ सप्तरी | राम औतार यादव | | | डिमन ४, सप्तरी | 1381400117ME | तरकारी व्यापार | पुनम कुमारी यादव | पति | डिमन ६, सप्तरी | ५८८ | १३४६.०९ व.मि. |
| | बलिया, सप्तरी | **कृशव प्रताप** | जमानीकर्ता | १६-०१-७७-०५९०५ सप्तरी | विनोद कुमार | | राम औतार यादव | राजविराज ५, सप्तरी | 1381400117ME | तरकारी व्यापार | पुनम कुमारी यादव | छोरा | डिमन ६, सप्तरी | ५८८ | १३४६.०९ व.मि. |
| २ | गरूडा, रौतहट | **निर्मला देवी** | ऋणी | ०३२३०८९/३० रौतहट | जगदिश बैठा | अच्छेलाल बैठा | मुसहर बैठा धोवी | समनपुर ९, रौतहट | 0011400981ME | टायर गाडी | निर्मला देवी | आफै | समनपुर ९ र संग्रामपुर ४, रौतहट | ७६४ र ९९३ | ३८०.९७ र ४६५.६२ व.मि. |
| ३ | गरूडा, रौतहट | **शैल देवी** | ऋणी | ३२३०३६/४५ रौतहट | देवचन दास | राजाराम दास कथवनिया | देवचन दास | पिप्रा राजवाडा ८, रौतहट | 0011400903ME | कस्मेटिक पसल | सुरेन्द्र कुमार दास | छोरा | महमदपुर ८, रौतहट | १६७६ | ८४.६५ व.मि. |
| | गरूडा, रौतहट | **सुरेन्द्र कुमार दास** | जमानीकर्ता | ३२३०३६/४० रौतहट | राजाराम दास कथवनिया | | देवचन दास | पिप्रा राजवाडा ८, रौतहट | 0011400903ME | कस्मेटिक पसल | सुरेन्द्र कुमार दास | आफै | महमदपुर ८ क | १,६४६ | ८४.६५ व.मि. |
| ४ | गरूडा, रौतहट | **नगिना देवी** | ऋणी | ३२३०९५/४५९ रौतहट | सिताराम सहनी | राजकुमार सहनी | किसुनी सहनी मलाह | गेढहीगुठी ४, रौतहट | 0011401064ME | माछा पालन | राजकुमार सहनी/ किसुनी सहनी मलाह | पति/ससुरा | मलाही १, गेढही गुठी ९, रौतहट | १४८, १४६, ३०२ र २०२ | १०१५.९२, १०१५.९२, ३३८.६४ र ६७७.२८ व.मि. |
| | गरूडा, रौतहट | **राजकुमार सहनी** | जमानीकर्ता | २८८८ रौतहट | किसुनी सहनी मलाह | | | गेढहीगुठी ४, रौतहट | 0011401064ME | माछा पालन | राजकुमार सहनी/ किसुनी सहनी मलाह | पति/ससुरा | मलाही १, गेढही गुठी ९, रौतहट | १४८, १४६, ३०२ र २०३ | १०१५.९२, १०१५.९२, ३३८.६४ र ६७७.२८ व.मि. |
| ५ | गरूडा, रौतहट | **लिला देवी** | ऋणी | ५१६५ रौतहट | दिनकर सहनी | जोगेन्द्र सहनी | सुक देव सहनी | बरियारपुर ५, रौतहट | 0011400799ME | फर्निचर | लिला देवी | आफै | बरियारपुर ५, रौतहट | ७४१ | ३३८.६४ व.मि. |
| | गरूडा, रौतहट | **जोगेन्द्र सहनी** | जमानीकर्ता | ७/१६१ रौतहट | सुक देव सहनी | | | बरियारपुर ५, रौतहट | 0011400799ME | फर्निचर | लिला देवी | आफै | बरियारपुर ५, रौतहट | ७४१ | ३३८.६४ व.मि. |
| ६ | गरूडा, रौतहट | **नसिमा खातुन** | ऋणी | ५८८/०१२ रौतहट | शेख लियाकत | शेख जुमन | सेख जवार | जयनगर ६, रौतहट | 0011400430ME | सेन्ट्रिङ | शेख जुमन | पति | जयनगर ६, रौतहट | ७५५ र ७५१ | ८५.८५ र ६७.७३ व.मि. |
| ७ | गरूडा, रौतहट | **राम दुलारी गिरी** | ऋणी | ४३/०१२ रौतहट | सुरूज गिरी | मेघु गिरी | वासुदेव गिरी | जयनगर ९, रौतहट | 0011400736ME | सेन्ट्रिङ | राम दुलारी गिरी | आफै | विसुनपूर्वा ३, रौतहट | ३६ | ४२३.२९ व.मि. |
| ८ | गरूडा, रौतहट | **मनिता देवी मुखिया** | ऋणी | ३२२०९७-९१२ रौतहट | रामचन्द्र मुखिया विन | मिश्री लाल मुखिया | शिवधारी मुखिया | विश्रामपुर ६, रौतहट | 0011401012ME | भुसा व्यापार | मिश्री लाल मुखिया | पति | विश्रामपुर ६, रौतहट | २८८ र २५५ | ११८.५२ र १६.९३ व.मि. |
| | गरूडा, रौतहट | **मिश्री लाल मुखिया** | जमानीकर्ता | ३२३०९७-९७० रौतहट | शिवधारी मुखिया | | | विश्रामपुर ६, रौतहट | 0011401012ME | भुसा व्यापार | मिश्री लाल मुखिया | पति | विश्रामपुर ६, रौतहट | २८९ र २५५ | ११८.५२ र १६.९३ व.मि. |
| ९ | गोरहन्ना, महोत्तरी | **आसा लाल सिंह** | ऋणी | ३३८११३२० महोत्तरी | शिव लाल | | राम शरण सिंह | मेघनाथ गोरहन्ना २, महोत्तरी | 1081400042ME | ठेक्का पट्टा | आशा लाल सिंह | आफै | मेघनाथ गोरहन्ना २, महोत्तरी | ५८९ | १९८.९३ व.मि. |
| | गोरहन्ना, महोत्तरी | **नैनिया देवी** | जमानीकर्ता | १८३०५६/५९ महोत्तरी | सुरज चौधरी | आसा लाल सिंह | शिव लाल | मेघनाथ गोरहन्ना २, महोत्तरी | 1081400042ME | ठेक्का पट्टा | आशा लाल सिंह | पति | मेघनाथ गोरहन्ना २, महोत्तरी | ५८९ | १९८.९३ व.मि. |
| १० | गोरहन्ना, महोत्तरी | **रेणु देवी** | ऋणी | १८-३-०५७/६३९ महोत्तरी | रामपुजन सिंह | तिलक चौधरी | राजेन्द्र चौधरी थारू | हतिसर्वा ८, महोत्तरी | 1081400045ME | कृषि | रेणु देवी | आफै | हतिसर्वा ८, महोत्तरी | ८६६ | ५०७.९३ व.मि. |
| | गोरहन्ना, महोत्तरी | **दिपेश चौधरी** | जमानीकर्ता | १८-०१-७८-००१२१ महोत्तरी | तिलक चौधरी | | | भंगहा ६, महोत्तरी | 1081400045ME | कृषि | रेणु देवी | छोरा | हतिसर्वा ८, महोत्तरी | ८६६ | ५०७.९३ व.मि. |
| ११ | महुलीवजार, सप्तरी | **तारावती चौधरी** | ऋणी | १६३०२७/३६४ सप्तरी | रामवलभ धामी | अशोक कुमार चौधरी | छत्रपति चौधरी थारू | जन्डौल ९, सप्तरी | 1001400073ME | कृषि | तारावती चौधरी | आफै | जोगिनिया ९, सप्तरी | ३९८, ६४३, ८८२ र ८८३ | ११००.५८, १०१५.९२, ३३.८६ र ११०.०६ व.मि. |
| १२ | महुलीवजार, सप्तरी | **संगिता कुमारी लेखी** | ऋणी | १६१०१४/४१६ सप्तरी | जितन लेखी | सन्तोष कुमार चौधरी | महिकर चौधरी | वकधुवा ९, सप्तरी | 1001400030ME | कपडा पसल | महिकर चौधरी थारू | ससुरा | जण्डौल ५, सप्तरी | १००९ | २५९८.९६ व.मि. |
| १३ | महुलीवजार, सप्तरी | **रिणु कुमारी चौधरी** | ऋणी | ४३६२ सप्तरी | सुरेन्द्र चौधरी | राजेश कुमार चौधरी | हुकुमलाल चौधरी | जन्डौल ७, सप्तरी | 1001400049ME | फेन्सी पसल | राजेश कुमार चौधरी | पति | जण्डौल १, सप्तरी | २१३, ८८१ | १३८८.४२ र १३२९.१६ व.मि. |
| १४ | महुलीवजार, सप्तरी | **द्रोपदी कुमारी चौधरी** | ऋणी | ०२२०४४६२ सप्तरी | रविलाल दास चौधरी | राकेश कुमार चौधरी | लोदर चौधरी थारू | अग्निसाईर कृष्णसवरण २, सप्तरी | 1001400063ME | सेन्ट्रिङ | राकेश कुमार चौधरी | पति | हरिहरपुर १ र २, सप्तरी | १०६४, ४४७, ४४९, १३६, १७०, ४४४ र १०६२ | ३५५.५६, १२६.९७, २०३.१६, १८६.२५, १८६.२५, १२६.९७ र २५३.९५ व.मि. |
| १५ | महुलीवजार, सप्तरी | **रिता देवी चौधरी** | ऋणी | १६३०२८/१८९ सप्तरी | छुतहरू दास बनिया | अनिल कुमार चौधरी | दिलिप कुमार चौधरी | प्रसवनी ५, सप्तरी | 1001400052ME | किराना पसल | अनिल कुमार चौधरी | पति | परसवनी ६, सप्तरी | ४४० | ४५९७.०३ व.मि. |
| १६ | महुलीवजार, सप्तरी | **शंकरदेवी चौधरी** | ऋणी | २५६९ सप्तरी | चिचाई चौधरी | राम कुमार चौधरी | बन्धु चौधरी | सीतापुर १, सप्तरी | 1001400072ME | कृषि | राम कुमार चौधरी | पति | सितापुर ३, सप्तरी | ८८१ | ३३८.६४ व.मि. |
| १७ | महुलीवजार, सप्तरी | **देवकीदेवी थरूनी** | ऋणी | ९४६३३२६९ सप्तरी | मिठालाल चौधरी | बसन्त चौधरी | फुदाई चौधरी | हरिहरपुर ३, सप्तरी | 1001400068ME | कृषि | देवकीदेवी थरूनी | आफै | हरिहरपुर ३, सप्तरी | ६ र १४ | ४४०.२३ र २०३.१८ व.मि. |
| १८ | महुलीवजार, सप्तरी | **मंजु कुमारी चौधरी** | ऋणी | ३६४५ सप्तरी | देव नारायण चौधरी | बलराम चौधरी | भोला प्रसाद चौधरी | हरिहरपुर २, सप्तरी | 1001400076ME | सेन्ट्रिङ | बलराम चौधरी | पति | हरिहरपुर २, सप्तरी | ७१४, ७२३, ४७० र १०७० | २५७३.५४ व.मि. |
| १९ | महुलीवजार, सप्तरी | **रेखा देवी यादव** | ऋणी | २५०८ सप्तरी | छेडी यादव | राम विलास यादव | लखन यादव | परसवनी ७, सप्तरी | 1001400075ME | फर्निचर व्यवसाय | रेखा देवी यादव | आफै | परसवनी ७ र ८, सप्तरी | १४५३ र ३०९ | १३९.६९ र ३८९.४४ व.मि. |
| २० | मुर्ली, पर्सा | **उर्मिला देवी महतो** | ऋणी | ३३३०९७/७ बारा | पारस महतो | बालमकी महतो खुल्वट | भिमल महतो खुलवट | रामपुर टोकनी २, बारा | 0081405978ME | टेन्ट हाउस व्यापार | बालमीकी महतो खुलवट | पति | बुनियाद १, बारा | ५६७ र ५६९ | ०-०-४-८ र ०-०-२-१२ |
| २१ | मुर्ली, पर्सा | **शारदा देवी चमैन** | ऋणी | ०५२३३७७१ पर्सा | मथुरा महरा चमार | नथुनी महरा चमार | बृजमोहन महरा चमार | बहुअर्वाभाटा ७, पर्सा | 0081406028ME | फलफुल | शिवराज राम | छोरा | बहुअर्वाभाठा ४, पर्सा | ९६ र १०३४ | ३३.८६ र ४२.३४ ब.मी. |
| २२ | मुर्ली, पर्सा | **शोभा कुमारी** | ऋणी | ७६६७१६०४ पर्सा | रामजी गिरी | नन्दकिशोर गासाई | अनरूद गोसाई | रामनगरी २, पर्सा | 0081406262ME | पेन्टर | नन्दकिशोर गासाई | पति | रामनगरी ९, पर्सा | ४८२ | ८४.६५ व.मि. |
| | मुर्ली, पर्सा | **नन्दकिशोर गोसाई** | जमानीकर्ता | ३४३०६७/३१ पर्सा | अनरूद गोसाई | | | रामनगरी ९, पर्सा | 0081406262ME | पेन्टर | नन्दकिशोर गासाई | आफै | रामनगरी ९, पर्सा | ४८२ | ८४.६६ व.मि. |
| २३ | प्रसौनी, बारा | **मनतोरिया देबी** | ऋणी | ३३१०८४/५०१५७ बारा | बादु मुखिया बिन | सुदामा मुखिया बिन | सोहन मुखिया बिन | प्रसौनी २, बारा | 0181400556ME | बस गाडी मर्मत | सोहन मुखिया बिन | ससुरा/ बुहारी | प्रसौनी ५, बारा | ७९४ | १३५.४४ व.मि. |
| | प्रसौनी, बारा | **सुदामा ुखिया** | जमानीकर्ता | ३३१०८४/८७३३ बारा | सोहन मुखिया बिन | | | प्रसौनी ३, बारा | 0181400556ME | बस गाडी मर्मत | सोहन मुखिया बिन | पति | प्रसौनी ५ ,बारा | ७९४ | १३५.४५ व.मि. |
| २४ | प्रसौनी, बारा | **चन्दा देवी** | ऋणी | ३३-०१-७४-०८३९३ बारा | भिम मुखिया बिन | मुनीलाल मुखिया बिन | रामअशिष मुखिया बिन | विश्रामपुर १, बारा | 0181400306ME | तरकारी खेती | मुनिलाल मुखिया | पति | छतवा ८, विश्रामपुर ९, बारा | २०६४, २०६७, २०६८, ४२३ र ४२९ | ०-०-३-४, ०-१-४, ०-०-१९.५, ०-१-६ र ०-१-६ |
| २५ | गोरखाबजार, गोरखा | **अञ्जु कुवँर** | ऋणी | ४५८८/५२२ लमजुङ | लाल बहादुर कुवर | सुभास कुवर | देब बहादुर कुवर | बेसीशहर ८, लमजुङ | 0231400071ME | कुखुरा पसल | सुभास कुवँर | पति | फिनाम ६, गोरखा | ६१५ | १९०.७८ व.मि. |
| | गोरखाबजार, गोरखा | **सुभास कुवर** | जमानीकर्ता | १५३०६ लमजुङ | देब बहादुर कुवर | | | बेसीशहर ८, लमजुङ | 0231400071ME | कुखुरा पसल | सुभास कुवँर | आफै | फिनाम ६, गोरखा | ६१५ | १९०.७९ व.मि. |
| २६ | गजुरी, धादिङ | **बिमला राई** | ऋणी | २६३०४०/२८० धादिङ्ग | बुद्धिमान राई | जनक राई | लाल बहादुर राई | गल्छी २, धादिङ | 0191400254ME | होटल | जनक राई | पति | कल्लेरी ३, ४, धादिङ्ग | ८७९, ८७६, ८७३, ४२०, ८८१ र ४१७ | २८९३.३३ व.मि. |
| | गजुरी, धादिङ | **जनक राई** | जमानीकर्ता | १/५४११८ धादिङ्ग | लाल बहादुर राई | | | गल्छी २, धादिङ | 0191400254ME | होटल | जनक राई | आफै | कल्लेरी ३, ४, धादिङ्ग | ८७९, ८७६, ८७३, ४२०, ८८१ र ४१७ | २८९३.३३ व.मि. |
| २७ | गजुरी, धादिङ | **मनमाया चेपाङ** | ऋणी | २६१/२५५७३ धादिङ्ग | मनबहादुर प्रजा | रामबहादुर प्रजा | सरमान प्रजा | बेनीघाटरोराङ्ग ९, धादिङ्ग | 0191400116ME | तरकारी खेती | राम बहादुर प्रजा | पति | जोगीमारा ३, धादिङ्ग | १८८, २९३ र २९८ | ६९१.२९ व.मि. |



नेपाल न्युज नेटवर्क इन्टरनेसनल प्रालिद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कर्पोरेट टावर, तीनकुने, काठमाडौं, पोस्ट बक्स नं. २४९९९, फोन : ४११२३२७, फ्याक्स : ४४८२१९९, E-mail : annapurna@amn.com.np, द.नं. १३५/०५८/०५९, म.क्षे.हु.द.नं. ०६९/०७०, अध्यक्ष : **क्याप्टेन रामेश्वर थापा**, प्रधान सम्पादक : **बालकृष्ण बस्नेत**